खानपान र जीवनशैली परिवर्तन गरौं, स्वस्थ रहौं
असन्तुलित खानपान तथा जीवनशैलीका कारण मधुमेह, उच्च रक्तचाप, मस्तिष्कघातजस्ता रोगहरू लाग्न सक्छन् ।
त्यसैले,
- सन्तुलित र स्वस्थ खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा, सुर्ती तथा सुर्तीजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर ०१ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 November 16 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ७८

## प्राकृतिक स्रोत साधनको व्यवस्थापन भए मात्र विकास र समृद्धि आउँछ –सांसद खाँ

प्रस, निजगढ, ३० कात्तिक/

उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ता हित समितिका सभापति एवं नभएसम्म देशको विकास नहुने र समृद्धि नआउने बताए । उनले देश विकासका लागि सरोकारवालाहरूमा जागरूकता व्यवस्थापन हुन नसक्दा मुलुकको विकास, समृद्धि र रोजगारमा प्रत्यक्ष असर परिरहेको उद्योगी–व्यवसायीहरूले




सांसद अब्दुल खाँले प्राकृतिक स्रोत साधनको उचित व्यवस्थापन गर्न सकेको खण्डमा मात्र मुलुकमा विकास र समृद्धि आउने बताए ।

शुक्रवार बर्दिबासको होत्तरीमा शुक्रवार आयोजित नेपाल क्रसर उद्योग तथा खानी उद्योग व्यवसायी महासङ्घको १०औं र ११औं संयुक्त साधारणसभा तथा तेस्रो केन्द्रीय अधिवेशनको उद्घाटन गर्दै उद्योग, वाणिज्य, श्रम तथा उपभोक्ता हित समितिका सभापति एवं सांसद खाँले सो कुरा बताएका हुन् ।

उनले मुलुकको हितका लागि लामो समयदेखि नवीकरण हुन नसकेका क्रसर उद्योग र खानी उद्योगहरूलाई मापदण्ड अनुसार ऐन, कानूनको परिधिभित्र ल्याएर मात्रै उद्योगी–व्यवसायीहरूले आफ्नो व्यवसाय गर्न पाउनुपर्छ भन्ने पक्षमा आफू रहेको बताए । क्रसर तथा खानी उद्योग व्यवसायीहरूले मन्त्री, कर्मचारी, राजनीतिक दलका नेताहरूलाई चुनावमा आर्थिक सहयोग गर्दै आइरहे पनि उनै उद्योगी–व्यवसायीहरूको हकहितका लागि कहिल्यै नीति, नियम, ऐन, कानून निर्माण नगरी भएका कानूनको पनि कार्यान्वयन गराउनेतर्फ अग्रसरता नदेखाइदिंदा अहिले उद्योगी र व्यवसायीहरू आर्थिकरूपमा जटिल अवस्थामा पुगेको आफूले पाएको बताए ।

उनले देश विकासका लागि उद्योग, कारखानाहरू आवश्यक भएको बताउँदै उद्योग, कलकारखानाको विकास आवश्यक भएको बताए । उनले मन्त्री, कर्मचारी, नेताहरूलाई पैसा खुवाउने होइन, उद्योग र उद्योगी–व्यवसायीहरूको हकअधिकार माग्ने बेला आइसकेको र यसमा ढिला गर्नै नहुने तर्क गरे । मुलुकमा रहेको प्राकृतिक स्रोत साधन, खानीको उच्चतम उचित प्रयोगले संसारका धेरै देशहरूले गरेका विकास, समृद्धितर्फ अघि बढ्न सकिने उनले बताए ।

पूर्वसचिव विश्वप्रकाश पण्डितले एकातिर उद्योग नवीकरण नहुने, अर्कोतिर नदीजन्य पदार्थ विदेश निकासी नहुने समस्याले उद्योग–व्यवसायीहरू मात्र होइन, समग्र मुलुकको विकास हुन नसकेको बताए । गिट्टी, ढुङ्गा, बालुवाको उत्पादन, प्रशोधनविना साना तथा ठूला निर्माण कार्य ठप्प हुने बताउँदै पूर्वसचिव पण्डितले अब सरकारले सोच्ने होइन, उचित कार्यान्वयनको दिशामा अग्रसर हुनुपर्ने बताए ।

कार्यक्रममा मधेस प्रदेश सांसद शारदादेवी थापाले मापदण्डविपरीत जथाभावी नदी, खोला उत्खनन गर्दा राज्यको प्राकृतिक स्रोत साधन दोहन मात्र नभई जनताको जनधनको क्षति भएका गुनासाहरू आएको बताउँदै राज्यको स्रोत साधनको दोहन, क्षति नगरी स्थानीय जनताका गुनासा नआउनेगरी उद्योग सञ्चालन गर्न सक्नुपर्ने सुझाव दिइन् ।

हिमाल, पहाड, मधेस–तराईका नदी, खोलामा वार्षिक ३० करोड घनमिटर नदीजन्य पदार्थहरू बगेर आउने र छिमेकी मुलुक पुग्ने हुनाले यसको उचित व्यवस्थापन गर्नुपर्ने बताए ।

मुलुकमा रहेका नदीजन्य पदार्थ प्रशोधन, उत्पादन गरी विदेश निर्यात गर्नुको अर्को विकल्प राज्यसँग नभएको बताउँदै क्रसर उद्योग तथा खानी उद्योगी व्यवसायीहरूले मापदण्ड, ऐन, कानूनको परिधिभित्र रहेर व्यवसाय गर्नुपर्ने सहभागी वक्ताहरूले सुझाए । मधेस प्रदेशका विभिन्न नदी, खोलाबाट वार्षिक दुई करोड घनमिटर नदीजन्य पदार्थहरू बाढीले बगाएर थुपारे पनि उचित व्यवस्थापन गर्न नसक्दा नदी, खोला नालाहरूको सतह बढ्दा पुल, वनजङ्गल क्षेत्र, बस्ती नै जोखिममा रहेको कार्यक्रमका सभाअध्यक्ष एवं नेपाल क्रसर उद्योग तथा खानी उद्योग व्यवसायी महासङ्घका अध्यक्ष सीताराम न्यौपानेले प्रस्ट्याए ।

उनले स्थानीय तहले नदी, खोला ठेक्का लगाउने सम्पूर्ण दोष जति क्रसर उद्योग तथा खानी उद्योग व्यवसायीलाई लगाउने सरासर झूट रहेकोले स्थानीय तह, सम्बन्धित सरोकारवाला निकायहरूले उचित अनुगमन गर्नुपर्ने सुझाए ।

कार्यक्रममा पूर्वमन्त्री शम्भुलाल श्रेष्ठ, बर्दिबास नपाका प्रमुख प्रह्लादप्रसाद क्षत्री, वरिष्ठ उपाध्यक्ष श्यामराज खड्का, महासचिव तारा अर्याललगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण पुरुषोत्तम रेग्मीले गरेका थिए ।

## निप्रप्रअ कानूविरुद्ध विशेष अदालतमा मुद्दा दायर

रामेश्वर मेहता, सिम्रौनगढ, ३० कात्तिक/

सिम्रौनगढ नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रप्रसाद साह कानूविरुद्ध शुक्रवार विशेष अदालत काठमाडौंमा भ्रष्टाचारको मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता नरहरि घिमिरेले शुक्रवार विज्ञप्ति जारी गर्दै कानूविरुद्ध विशेष अदालत काठमाडौंमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूरमा बिगो रु ७८,००० (अठहत्तर हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय हुन मागदाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरिएको जानकारी गराएका छन् ।

कानूले बिल भुक्तानी गरेबापत सेवाग्राहीसँग घूस, रिश्वत माग गरिरहेको भन्ने सूचना एवं उजूरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडाबाट खटिई गएको टोलीले सेवाग्राहीबाट रु ७८,०००।– (अठहत्तर हजार रुपैयाँ) घूस/रिश्वत बापतको रकम लिइसकेको अवस्थामा कात्तिक ८ गते कलैया उपमहानगरपालिकाबाट नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा निमित्त प्रमुख प्रशासकीय अधिकृत कानूले बिल भुक्तानी गरेबापत सेवाग्राहीसँग रु ७८,०००।– घूस/रिश्वत मागगरी लिएको पुष्टि हुन आएको हुँदा निज कानूविरुद्ध विशेष अदालतमा भ्रष्टाचार निवारण ऐन अनुसार कारबाहीको माग दाबी गर्दै आरोपपत्र दायर गरिएको प्रवक्ता घिमिरेले बताए ।

## सातोमाईको मेला पर्सा र बारा शान्तिपूर्वक सम्पन्न

बलिराम शुक्ला, बिरुवागुठी, ३० कात्तिक/

पर्साका विभिन्न पाँच शक्तिपीठमा हिजो बुधवारदेखि लागेको कार्तिक पूर्णिमा औराहाका प्रयाग महतोको परिवारबाट विशेष पूजापाठ गरी आज बिहान पशुबलि चढाएपछि सर्वसाधारणले बागमोर्चामा पनि शान्तिपूर्वक मेला सम्पन्न भएको छ । अन्य चार स्थानमा बिहीवार र शुक्रवार दुई दिन मेला लागे





मेला शुक्रवार शान्तिपूर्वक सम्पन्न भएको छ ।

पर्सागढी नगरपालिका अन्तर्गत आमोदेवी र कोइलाभारमाई, पटेर्वासुगौली गापाको गादीमाई, जीराभवानी गापाको सुगीभारमाई र ठोरी गापाको बाघमोर्चामा लाग्ने गरेको कार्तिक पूर्णिमा मेला शान्तिपूर्वक सम्पन्न भएको आयोजकहरूले बताएका छन् ।

आमोदेवी मेला हिजैदेखि लागेको र आज बिहानै पूर्णिमाको दिन मन्दिरमा विशेष पूजापाठ गरी पर्सागढि नपा–४ बिरुवा बकनेर्वाका मुसहर समुदायले गाउँमाला पशुबलि दिएपछि अन्य सर्वसाधारणले पशुबलि दिएर पूजा अर्चना गरेको मेला आयोजक समितिका सदस्य प्रेमसाह कानूले बताए ।

यसैगरी, कोइलाभारमाईको पनि मेला शान्तिपूर्वक सम्पन्न भएको पर्सागढी नपा–१ का अध्यक्ष तथा मेला समिति संयोजक राजकपूर खवासले बताए । उनले सखुवाप्रसौनी गापा–१ पशुबलि चढाएर पूजा अर्चना गरेको बताए ।

वडाध्यक्ष खवासले मेलामा यसपटक आर्थिक कारोबारको जिम्मा महिलाहरूलाई सुम्पिएको जानकारी गराए । कोइलाभार मेला समिति सदस्य शान्ति बस्नेतका अनुसार चन्दा सङ्कलनका सम्पूर्ण कार्य यसपटक महिलाहरूले गरेका र चन्दा सङ्कलनको काम पूर्णारूपमा पारदर्शी गरिएको बताइन् ।

पटेर्वासुगौली गापा अन्तर्गतको गादीमाई मेला पनि शान्तिपूर्वक सम्पन्न भएको र आज बिहानैदेखि पशुबलि खुला गरिएको वडाध्यक्ष विजय गैरेले बताए । उनले आर्थिक मन्दीको कारण यसपटकको मेलामा कुनै किसिमको आर्थिक कर व्यापारीहरूसँग नलिएको र मेलाका सबै आर्थिक व्यवस्थापन पालिकाको खर्चमा भएको जानकारी गराए ।

यसैगरी, जीराभवानी गापाको सुगीभारमाई र ठोरी गापाको पनि ठोरीको बाघमोर्चामा भने यो मेला एक महीनासम्म लाग्ने बताइएको छ ।

पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले कोइलाभारमाई र आमोदेवीमाईको मेला अवलोकन गरेका थिए । उनले नेपाल र भारतबाट ठूलो सङ्ख्यामा भक्तजनहरू मेला भर्न आउने गरेकाले पालिकाले सो स्थानमा धार्मिक पर्यटकीयस्थल विकास गर्ने बताए ।

सखुवाप्रसौनी गापाध्यक्ष जशवन्त यादवले पनि कोइलाभारको मेला अवलोकन गरेका थिए । उनले पर्सागढी नपा र सखुवाप्रसौनीसँग जोडिएको कोइलाभारमाईको मेला परापूर्वकालदेखि लाग्दै आएको र दुवै पालिकाले आफ्नो दायित्व पूरा गर्दै आएको र आगामी वर्षहरूमा पनि यसको विकासका लागि संयुक्त प्रयास गरिने बताए । पर्सा जिल्लाका पाँच र बारा जिल्लाका दुई स्थान गरी सात स्थानमा लाग्ने कार्तिक पूर्णिमाको मेलालाई सातोमाईको मेला भन्ने गरिन्छ ।

## उपभोक्ता हितको लागि सबै जुट्न आवश्यक –प्रजिअ अर्याल

प्रस, परवानीपुर, ३० कात्तिक/

उपभोक्ता हित संरक्षण मञ्च नेपालको २९औं वार्षिक साधारणसभा




वीरगंजमा शुक्रवारबाट शुरू भएको छ । दुई दिने सभाको उद्घाटन पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले गरेका थिए । कार्यक्रममा उनले उपभोक्ताहरूको हकअधिकार एवं हितका बारेमा नियामक निकायले मात्र काम गरेर नहुने भन्दै यसका लागि आम उपभोक्ता सचेत र सजग बन्नुपर्ने बताए । उनले उपभोक्ता हितमा काम गर्ने संस्था र प्रतिनिधिहरू आगामी दिनमा शहर केन्द्रित मात्र भएर नहुने भन्दै गाउँगाउँ र टोलमा पनि पुग्नुपर्ने बताए । उनले ग्रामीण उपभोक्ताहरूलाई यसबारेमा सचेत गराउने काम गरिएको खण्डमा त्यसको प्रतिफल बढ्ने बताए । उनले उपभोक्ताको विषयमा सबैजना मिलेर अगाडि बढेको खण्डमा सुधार सम्भव हुने बताए ।

कार्यक्रममा लुम्बिनी प्रदेशका उद्योग पूर्वमन्त्री दधिराम न्यौपानेले वीरगंजमा नक्कली खाद्यान्न कुराहरू लड्डु, घ्यू, चामललगायतका कुराहरू बिक्री हुने गरेका समाचार सार्वजनिक भएकाले यसबारेमा अन्यत्र पनि सजगता अपनाउनुपर्ने बताए ।

मञ्चका उपाध्यक्ष अजय अधिकारीले कार्यपत्र प्रस्तुत गर्दै वीरगंज बजारको अवस्थाबारे जानकारी गराएका थिए । उनले वीरगंज महानगरमा माछामासुको बजार व्यवस्थित नभएको र सोविरुद्ध उच्च अदालतबाट वधशाखा

(बाँकी अन्तिम पातामा)

## बिपिएस कलेजद्वारा प्रशिक्षण

प्रस, परवानीपुर, ३० कात्तिक/

वीरगंजमा सञ्चालित बिपिएस प्लस टु क्लेजले शुक्रवार कक्षा ११ का विद्यार्थीहरूको स्वागत गर्दै प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । वीरगंजमा आयोजित कार्यक्रमको उद्घाटन पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले गरेका थिए । कार्यक्रममा डिएभी स्कूलका प्रधानाध्यपक एवं प्रशिक्षक राकेश मिश्रले विद्यार्थी जीवनमा ध्यान दिनुपर्ने कुरा एवं अनुशासनबाट सफलता हासिल गर्न सकिनेबारेमा उत्प्रेरणामूलक प्रशिक्षण




दिएका थिए । कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी अर्यालले विद्यार्थी जीवनमा गरेको तपस्याको कारण जो कोही पनि पछि गएर जीवनमा सफल व्यक्ति बन्ने भएकाले सोही अनुसारको चरित्र अपनाउन आग्रह गरे ।

(बाँकी अन्तिम पातामा)

**विचारसार र सूक्तिहरू**

**अन्तमा मानिसले तिम्रो मूल्याङ्कन गर्ने नै छन्, त्यसैले अरूलाई रिझाउने होइन, आफैँलाई रिझाउनेगरी बाँच ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# सिमेन्टमा परनिर्भरता

**मुलुक पूर्वाधार विकास र निर्माणको चरणमा छ । यो चरणमा निर्माण सामग्रीमध्ये सिमेन्टको भूमिका महत्त्वपूर्ण रहन्छ । स्वदेशमा सिमेन्ट उद्योगको अवस्था उत्साहजनक छैन, मिश्रित छ । सिमेन्ट उत्पादनमा आत्मनिर्भर लक्ष्य मुलुकले लिएको भए तापनि स्थापना भइसकेका उद्योगहरू नै पूर्ण क्षमतामा सञ्चालन हुन नसक्दा विदेशी सिमेन्टमा निर्भरता कायमै छ । हालसम्मका विभिन्न सर्भे अनुसार नेपालको सिमेन्ट उद्योगले राष्ट्रिय मागको लगभग ६० प्रतिशत मात्र धानेको छ । बाँकी ४० प्रतिशत हिस्सा भारतबाट आयात गर्नुपर्ने बाध्यता छ । उद्योगीहरूको भनाइ अनुसार, देशमा सिमेन्टको वार्षिक माग करीब एक करोड ५० लाख मेट्रिक टन छ, स्वदेशी उत्पादन लगभग ९० लाख मेट्रिक टन छ । हेटौंडा सिमेन्ट जस्ता सरकारी उद्योगहरू पटकपटक विभिन्न बहानामा बन्द हुने गरेका छन् भने निजी क्षेत्रका उद्योगहरू पनि पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । बजार पर्याप्त भएपनि उत्पादन नियमित हुन नसक्नुले देशको सिमेन्ट उद्योग असहज परिस्थितिमा रहेको सङ्केत गर्छ ।**

**अधिकांश स्वदेशी सिमेन्ट उद्योगले पुराना र कम उत्पादक उपकरणहरू प्रयोग गरिरहेका छन् । अत्याधुनिक प्रविधि भित्र्याउन आवश्यक लगानीको अभावले उत्पादनमा कमी आएको छ । त्यसैगरी, विद्युत् आपूर्ति र महँगो ऊर्जा पनि अर्को कारण हो । सिमेन्ट उत्पादन एक ऊर्जामुखी प्रक्रिया हो, जसमा ठूलो मात्रामा विद्युत् र कोइलाको खपत हुन्छ । तर नेपालमा विद्युत् आपूर्तिको अनियमितता र कोइला आयात महँगो एवं परनिर्भरता छ। हाम्रो मुलुकमा सिमेन्ट उत्पादनका लागि आवश्यक कच्चा पदार्थ, विशेषगरी क्लिङ्कर, पर्याप्त मात्रामा उपलब्ध छैन । स्वदेशी क्लिङ्कर उत्पादन सीमित भएको हुँदा सिमेन्ट उद्योगहरूले महँगो मूल्यमा आयात गर्नुपर्छ। यसको अलावा हामीकहाँ नीतिगत अस्थिरता छ । सिमेन्ट उद्योगका लागि दीर्घकालीन नीतिको अभावले लगानीकर्ता अन्योलमा परेका छन् । अस्थिर सरकारको अस्थिर नीतिका कारण उद्योगहरू ठोस योजनाका साथ दीर्घकालीन लक्ष्य लिएर अघि बढ्न सकेका छैनन् । प्रशासनिक र आपूर्ति प्रणालीको कमजोरी उत्तिकै छ । कच्चा पदार्थ आपूर्ति, यातायात र भन्सार प्रक्रियामा देखिने ढिलासुस्तीले उत्पादनमा प्रत्यक्ष असर पुऱ्याएको छ ।**

**विदेशी सिमेन्ट आयातमा हाम्रो अर्बौं धनराशि बाहिरिने गरेको छ। सिमेन्ट जस्तो आधारभूत वस्तुमा पनि परनिर्भरता रहिरहनु केवल आर्थिक क्षति मात्रै होइन, निर्माण क्षेत्रको आत्मनिर्भरता र दिगोपनको दृष्टिले पनि घातक हो । यसर्थ हामीलाई आवश्यक सिमेन्ट हाम्रो आफ्नै उद्योगबाट उत्पादन गर्ने दीर्घकालीन उपायहरू अपनाउनैपर्छ। यसको लागि सरकार र निजी क्षेत्रबीच साझेदारी गरी उद्योगहरूको प्रविधि स्तरोन्नतिमा लगानी गर्नुपर्छ । उत्पादन प्रक्रियालाई दक्ष बनाउन नयाँ र आधुनिक उपकरण तथा प्रविधि भित्र्याउनु आवश्यक छ । ठूलो कुरा ऊर्जा हो । सरकारले सिमेन्ट उद्योगलाई विशेष प्राथमिकता दिँदै सस्तो र भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गर्नुपर्छ। यदि सम्भव छ भने उद्योगहरूलाई सौर्य ऊर्जाजस्ता विकल्प अपनाउन प्रोत्साहन गरिनुपर्छ । कच्चा पदार्थ क्लिङ्कर उत्पादनमा स्वदेशी उद्योगहरूको लगानी बढाउन विशेष नीति बनाइनुपर्छ। ठूला खानीहरूको व्यवस्थित उत्खनन र वातावरणीय मापदण्ड पूरा गरी स्वदेशमैं पर्याप्त [redacted] ने आधार तयार गर्नुपर्छ ।**

# छठ पर्व बुद्ध धर्मबाट कि सनातन धर्मबाट - एक छलफल

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी

**छठ पर्व बुद्ध धर्म वा सनातन धर्मबाट आएको भएपनि यसमा अरू चाडपर्व जस्तो हिंसात्मक कुरा देखिंदैन । यसमा कुनै वर्गविशेषले व्रतालुहरूलाई ठगेको पनि देखिंदैन । तर केही यस्ता मान्यता–भुईंमा सुतेर छटघाटसम्म पुग्ने भखौती हास्यास्पद लाग्छ ।**

छठ पर्वको लोकप्रियता बढेसँगै यति बेला यो पर्व कसको हो भन्ने बहस चर्चामा आएको देखिन्छ । यतिबेला आफूलाई सनातनी भन्ने एकथरीले यो सनातन पर्व हो भन्दैछन् भने केही बुद्ध भिक्षुहरूले यो बौद्धिष्ट पर्व हो भनेर भनिरहेका छन् । वास्तवमा छठ पर्व कतातिरबाट आएको हो त ?

यो सनातनीहरूले भनेजस्तै कुरुक्षेत्र र पञ्चालतिरबाट आएको हो ? अथवा बौधिष्टहरूले भन्ने गरेको साकेत, कुशीनगर, सारनाथ क्षेत्रतिरबाट आएको हो ।

छठ पर्व प्राचीन समयदेखि भारतको बिहार, झारखण्ड, पूर्वी उत्तर प्रदेश, र नेपालको तराई क्षेत्रमा मनाइँदै आएको छ। यस पर्वलाई यी क्षेत्रहरूको मौलिक परम्परा मानिन्छ । यदि सनातनी पर्व भएको भए कुरुक्षेत्र र पञ्चालतिर पनि मनाएको देखिन्थ्यो । तर त्यसो छैन । ठीक उल्टो जुन क्षेत्रमा यो देखियो त्यो वास्तवमा बुद्धिष्टहरूकै प्रभावित क्षेत्र हो।

धेरै पुराना किंवदन्ती र कथाहरू अनुसार, छठ पर्वको उत्पत्ति महाभारत कालसँग जोडिएको छ। कथन अनुसार, द्रौपदी र पाण्डवहरूले कष्टमा परेका बेला सूर्य देवताको आराधना गरेपछि उनीहरूको जीवनमा सकारात्मक परिवर्तन आएको थियो। यसैगरी, अर्को किंबदन्ती अनुसार राजा राम सीतासहित अयोध्या फर्केपछि सूर्य देवताको पूजा गरेका थिए, जसलाई छठ पूजा मानिएको छ । जस्तो कि हामीलाई थाहा छ महाभारत द्वापर युगको कुरा हो भने राम त्रेता युगका हुन् । जबकि बुद्ध आजभन्दा २६०० वर्ष पहिले भएका थिए। छठ पर्वको मुख्य पक्ष बौद्ध धर्मका अनुयायी र परम्पराहरूसँग जोडिएको देखिन्छ जसले गर्दा छठ पर्व बुद्धधर्मबाटै आएको हो भन्न सकिन्छ। जस्तो कि –

**१. प्रकृति पूजा र ध्यान :**

बौद्ध धर्ममा ध्यान र प्रकृति पूजा, विशेषगरी बोधिवृक्षको, महत्त्वपूर्ण छ। छठ पर्वमा पनि सूर्यको आराधना गर्दै शुद्ध मन र तनले ध्यान गरिन्छ। यो बौद्ध परम्पराको शान्तिपूर्ण ध्यान र प्रकृतिप्रति सम्मानसँग मिल्दोजुल्दो छ।

**२. पानीको महत्त्व :**

बौद्धधर्ममा पवित्र नदी र जलाशयहरूमा स्नान गर्नु शुद्धीकरणको माध्यम मानिन्छ। छठपर्वमा पनि नदी वा तलाउमा स्नान गरेर पूजा शुरू हुन्छ, जुन कुरा आत्मशुद्धिको बौद्धिक दर्शनसँग सम्बन्धित छ भन्ने कुरा सजिलै देख्न सकिन्छ।

**३. वतधारण :**

छठ पर्वमा व्रत बस्ने प्रचलन छ, जसले आत्मनियन्त्रणको आवश्यकता जनाउँछ। यसरी व्रतधारण गर्ने चलन बौद्ध धर्ममा साधनाको रूप हो, जहाँ आत्मसंयम र त्यागलाई उच्च महत्त्व दिइन्छ। छठमा पनि व्रतलाई उच्च महत्त्व दिएको देखिन्छ।

**४. अहिंसाको सिद्धान्त :**

छठ पर्वमा माछा, मासु, प्याज, लसुन जस्ता वस्तुहरूको सेवन निषेध गरिएको हुन्छ। बौद्ध धर्ममा पनि अहिंसालाई प्रमुख मानिन्छ, जसले गर्दा यस पर्वमा पालन गरिने अहिंसात्मक आचरण बौद्ध दर्शनसँग मिल्दोजुल्दो देखिन्छ।

**५. परम्परागत गीत र मन्त्र :**

छठ पर्वमा परम्परागत गीत र मन्त्र गाउने चलन छ, जसले मानव र प्रकृतिबीचको सम्बन्धलाई व्यक्त गर्छ। बौद्ध धर्ममा पनि मन्त्रको प्रयोग गरिन्छ, जसले ध्यान र आन्तरिक शान्तिको अनुभूति गराउँछ।

**६. सूर्य आराधना :**

छठ पर्व सूर्य देवताको पूजा हो, जसलाई साक्षात् जीवनको प्रतीक मानिन्छ। बौद्ध धर्ममा पनि प्रकृति र जीवनको महत्त्वलाई मान्यता दिइएको छ, जहाँ प्रकाश र ऊर्जा सकारात्मकताको प्रतीक मानिन्छ।

७. शुद्धीकरणको प्रक्रिया :

छठ पर्वमा शुद्धीकरणलाई प्रमुख मानिन्छ र विभिन्न विधिहरू पूरा गरिन्छ। बौद्ध धर्ममा पनि शुद्ध हृदय र आत्माको महत्त्व छ, जहाँ आचरण र विश्वासलाई शुद्धीकरणको माध्यम मानिन्छ।

**८. धर्म र समाजको सम्बन्ध :**

छठ सामाजिक पर्व हो, जसले परिवार र समाजलाई जोड्छ। बौद्ध धर्मले पनि परोपकार, सेवा र समाजप्रतिको दायित्वलाई उच्च मान्यता दिन्छ, जसले समाजमा एकता र सहयोगको भावना बढाउँछ।

**९. ध्यानको अभ्यास :**

छठ पर्वमा सूर्यलाई अर्घ्य दिंदा मानिसहरू मौन रहन्छन् र ध्यानमा मग्न हुन्छन्। बौद्ध धर्मको ध्यान परम्परासँग यस मौनताको अभ्यास जोडिएको देख्न सकिन्छ, जसले मन र आत्माको एकाग्रता कायम राख्न मदत गर्दछ।

**१०. समर्पण र त्याग :**

छठ पर्वमा व्रतालुहरूले भोक र प्यासको सामना गर्दै पूजा गर्छन्। बौद्ध धर्ममा पनि त्यागको महत्त्व छ, जसले इच्छाहरूलाई नियन्त्रणमा राख्न मदत गर्दछ।

यसरी छठ पर्व बौद्ध धर्मबाट आएको देखिए पनि वर्तमानमा यो धारणा अलि कमजोर देखिन्छ। यतिबेला यो सनातनबाट आएको हो भन्ने धारणा बलियो देखिन्छ। छठ पर्व हिन्दू सनातन धर्मसँग गहिरो सम्बन्धित छ र यसलाई प्रमुखतया सूर्य उपासना र प्रकृतिपूजाको पर्वको रूपमा मनाइन्छ। यस पर्वका विशेषताहरूले हिन्दू सनातन परम्पराका आधारभूत तत्त्वहरूलाई समेट्दछ।

**१. सूर्य देवताको पूजा :**

हिन्दू सनातन धर्ममा सूर्यलाई मुख्य देवता मानिन्छ, र सूर्य उपासना वैदिक परम्परा हो। छठ पर्वमा श्रद्धालुहरूले उदाउँदो र अस्ताउँदै गरेको सूर्यलाई अर्घ्य दिने चलन छ, जसले सूर्य देवताप्रति श्रद्धा र आभार प्रकट हुन्छ।

**२. ऋतुचक्र र प्रकृति पूजा :**

हिन्दू धर्मले प्रकृति र ऋतुचक्रको महत्त्वलाई विशेष स्थान दिएको छ। छठ पर्व प्रकृतिप्रति आभार व्यक्त गर्ने पर्व हो, जसमा जल, पृथ्वी, सूर्य र अन्य प्राकृतिक तत्त्वहरूको आराधना गरिन्छ। यो हिन्दू परम्परामा रहेको प्रकृति पूजा र पर्यावरणप्रतिको आदर भावसँग मेल खान्छ।

**३. व्रत र तपस्या :**

छठ पर्वमा श्रद्धालुहरू कडा व्रत र उपवास गर्छन्। यो व्रतधारण हिन्दू परम्परामा रहेको आत्मसंयम, तपस्या, र आस्थाको प्रतीक हो, जुन शारीरिक र मानसिक शुद्धीकरणको माध्यम मानिन्छ।

**४. परिवार र समाजप्रति समर्पण :**

छठ पर्वले परिवार र समाजलाई जोड्न मदत गर्छ, जसले हिन्दू सनातन परम्परामा रहेको पारिवारिक, सामाजिक एकता र सहयोगको भावना अभिव्यक्त गर्छ। यो पर्वमा परिवारका सबै सदस्य सँगै मिलेर पूजा गर्छन्, जसले परिवारमा प्रेम र सामूहिक भावना बढाउँछ।

**५. अहिंसात्मक सात्त्विक आचरण :**

छठ पर्वमा प्याज, लसुन, माछा, मासु र अन्य तामसिक भोजन निषेध हुन्छ, जसले हिन्दू धर्ममा रहेको सात्त्विक जीवनशैलीको परम्परालाई दर्शाउँछ। यो पर्व शुद्ध सात्त्विक भोजन गरेर सम्पन्न गरिन्छ। यसमा कुनै प्रकारको मारकाट बलि वा हिंसा गरिंदैन।

**६. पवित्र नदीहरूमा स्नान :**

हिन्दू सनातन धर्ममा पवित्र नदीमा स्नान गर्ने चलन छ, जसलाई शुद्धीकरणको प्रतीक मानिन्छ। छठ पर्वमा नदी, पोखरी, र तलाउमा स्नान गरेर पूजा गरिन्छ, जसले पवित्रता र आत्मशुद्धीको अवधारणालाई प्रतिविम्बित गर्छ।

**७. वैदिक परम्परा र मन्त्रोच्चारण :**

छठ पर्वमा वैदिक परम्परामा आधारित सूर्यको महिमा वर्णन गर्ने गीत र मन्त्रहरू गाइन्छ। हिन्दू सनातन धर्ममा मन्त्रहरूको विशेष महत्त्व छ, जसा ऊर्जा, ध्यान र एकाग्रताको माध्यम मानिन्छ।

**८. धार्मिक कथाहरू र मिथकहरू :**

छठ पर्वसँग जोडिएका धेरै धार्मिक कथाहरू छन्, जस्तै–द्रौपदी र पाण्डवहरूले सूर्यको पूजा गरेको कथा, जसले यसलाई हिन्दू पुराण, महाभारत र रामायणसँग जोड्छ। यसरी छठ पर्वलाई हिन्दू धर्मग्रन्थहरूका कथाहरूबाट उत्पन्न एक परम्पराको रूपमा पनि हेरिन्छ।

**९. सामूहिक पूजा र धार्मिक उत्सव :**

छठ ठूलो सामूहिक उत्सवको रूपमा मनाइन्छ, जहाँ श्रद्धालुहरू नदी वा तलाउको किनारमा भेला भएर पूजा गर्छन्। हिन्दू सनातन धर्ममा धार्मिक मेला र सामूहिक पूजाहरूको महत्त्वपूर्ण स्थान छ, जसले भक्तहरूलाई एक साथ ल्याउँछ।

**१०. धार्मिक तथा सांस्कृतिक पहिचान :**

छठ हिन्दूहरूको धार्मिक पहिचान र सांस्कृतिक परम्पराको प्रतीक मानिन्छ। यो पर्वले हिन्दू सनातन परम्परामा रहेको सूर्य, प्रकृति र परिवारप्रतिको श्रद्धा र आस्थालाई पुनःपुष्टि गर्छ।

छठ पर्व बुद्ध धर्म वा सनातन धर्मबाट आएको भएपनि यसमा अरू चाडपर्व जस्तो हिंसात्मक कुरा देखिंदैन। यसमा कुनै वर्गविशेषले व्रतालुहरूलाई ठगेको पनि देखिंदैन। तर केही यस्ता मान्यता–भुइँमा सुतेर छटघाटसम्म पुग्ने भखौती हास्यास्पद लाग्दछ। हिजोआज छठमा पनि डिजेर डिस्कोको गीतहरूको प्रयोग बढ्दै गइरहेको छ। जो सबैको लागि श्रव्यसाध्य हुँदैन। साथै पट्का पड्काइनुले थुप्रै दुर्घटना हुने गरेको छ। यसतर्फ सजग हुन जरुरी छ। छठको अवसर पारेर चिठा खोल्ने कार्यक्रमद्वारा समेत उपभोक्ताको थोरै रकम भएपनि लुटिने गरेकोमा यसतर्फ पनि सरोकारवालाहरूले ध्यान दिन जरुरी छ। मनौती–भखौती निश्चितरूपमा अन्धविश्वास हो भन्ने कुरा व्रतालुहरूले बुझ्न अब ढिला गर्नुहुँदैन।

# वैश्विक तापक्रम वृद्धिको दुष्परिणाम र हाम्रो भविष्य

विचार



हरिविनोद अधिकारी

**आखिर हाम्रो बोली अरण्य रोदन हुँदोरहेछ किनभने हरित ग्याँस उत्सर्जन गर्ने देशहरू त विश्वमा तापक्रम वृद्धिले भएको जलवायु परिवर्तनले उनीहरूको औद्योगिक उत्पादनमा कुनै फरक परेको छैन। युद्धमा पड्कने बम, लक्षित बारुदजन्य पदार्थहरूले जलवायुमा मात्र असन्तुलन आएको होइन कि वैश्विक हिंसात्मक युद्धमा समेत बढावा दिएका छन् ।**

जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन–२९ अजरबैजानको राजधानी बाकुमा भइरहेको छ र मुख्य छलफलको समयमा नेपालले आफ्ना कुराहरू स्पष्टसँग राखेको छ। नेपालको तर्फबाट राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको नेतृत्व गर्दै हिमालको सुरक्षा नै पृथ्वीको सुरक्षा भनेर विश्वको ध्यान नेपालको हिमाल जोगाउने कुरामा आकर्षित गरेका छन् । त्यसो त पोहोर मात्र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले जलवायु परिवर्तनका कारणले बढ्दो तापक्रमले हिमाली क्षेत्रमा देखिएको हिउँको क्षयीकरण आफ्नै आँखाले देखेका थिए । त्यतिमात्र होइन, नेपालको भ्रमणका बेलामा हिमाली क्षेत्रको संवेदनशीलतालाई नजीकैबाट महसूस गर्दै हिउँ पग्लेर बग्ने हिमनदीको पानीमा ३० प्रतिशतले कमी आएको नयाँ तथ्य स्पष्ट पारेका थिए ।

स्मरणीय छ, यो तापक्रम वृद्धि गराउन र सूर्यको तापलाई छानेर आवश्यक मात्र उपलब्ध गराउने प्राकृतिक प्रणाली बिगार्न हामीजस्ता हिमाली पानीमा भरपर्ने र कार्बन अत्यन्त न्यून मात्रामा उत्पन्न गर्ने देशहरूको कुनै दोष छैन। निर्दोष र कुनै कारणविना, अत्यन्त कार्बन उत्सर्जनको परिणाम भोग्ने चाहिं हामी हुन थालेका छौं । हाम्रो प्राकृतिक पहाडमा जम्ने हिउँ एउटा निश्चित उचाइपछि जम्ने गर्थ्यो र समय आएपछि त्यही हिउँको भारले तलको हिउँ पग्लने चलन थियो। अब तापक्रम वृद्धिको मारले प्राकृतिकरूपमा निश्चित उचाइमा हिउँ नै पर्न छोडेको छ र बाह्रै महीना हिउँले ढाक्ने पहाड नितान्त काला पहाडको रूपमा परिणत हुन थालेका छन्। त्यसले खानेपानी, सिंचाइका लागि आवश्यक पर्ने पानी र जङ्गली जनावरहरूले पिउनका लागि प्रयोग हुने पानीमा कमी हुँदै गएको तथ्य स्पष्ट नै छ ।

जलवायु परिवर्तन चक्रको सुरुआत एकै दिन र एकै रातमा भएको होइन। अहिले हाम्रो साझा घर पृथ्वीमा तापक्रम वृद्धि हुँदै गएको र सूर्यबाट आउने तापलाई रोकेर हामीसमक्ष आवश्यक मात्र पठाउने ओजनपत्र बिस्तारै नष्ट हुँदैछ। यसो हुनुमा आवश्यकताभन्दा बढी कार्बन उत्सर्जन भएर ओजोन तहलाई समेत नष्ट गराउन थालेको बुझ्न त सकिन्छ तर त्यसको मर्मत गर्ने प्राकृतिक उपाय भनेको अब तत्कालै हरित ग्याँस उत्पन्न नगर्ने प्रक्रिया थालनी गर्नुपर्ने हो। विकसित देशहरूका औद्योगिक उत्पादनका कारणले त्यो सम्भव छैन। सन् १९९२ मा नै संयुक्त राष्ट्रसङ्घले जलवायु परिवर्तन र पर्यावरणीय संरक्षणका लागि सहमति तयार गरेको थियो । अनि यसबारेमा सम्मेलन प्रत्येक वर्ष गरेर अद्यावधिक

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

वाटिका

२०८१ मङ्सिर ०१ गते शनिवार | प्रतीक | 2024 November 16 Saturday



# धमिलो स्मृतिमा सामाचकवा

हाम्रो लोकजीवनको एउटा अङ्गको रूपमा रहेको सामाचकवा कात्तिक महीनाको छठको पारन भएसँगै मनाइन्छ। सामान्यतया गोवर्धन पूजाको दिनदेखि नै मनाइने भएपनि गाउँघरमा भने छठ पबनी सकिएको दिनको साँझमा पहिलो रौनक देखेको छु । सामाचकवामा विभिन्न मूर्तिहरू हुन्छन् र मूर्तिहरूप्रति श्रद्धा रहेको हुन्छ। एउटा मूर्ति, जसलाई सबैले चुङला भन्ने गर्छन्, प्रति भने घृणाको भाव व्याप्त।

साँच्चिकै भन्ने हो भने म गाउँमा धेरै बस्न पाएको छैन। कक्षा ९ उत्तीर्ण गरेपछि पिताजीबाट आदेश भयो– अब तिमी घरको कामबाट मुक्त भयौ।

कक्षा चारमा पढ्दा नै मैले भैंसी किनेर ल्याएको थिएँ । भैंसी चराउन जाँदा म सधैं आफूसित किताब बोकेर गएको हुन्थें । भैंसीको ढाडमा बसेर चराउँदै मैले पढ्नुपर्ने वा याद गर्नुपर्ने धेरै पाठ पढ्ने गर्थें।

घरमा बसेर हरेक साँझ म पढ्ने गर्थें, सानैदेखि। अलिकति ठूलो हुँदै जाँदा भने मसित बसेर पढ्नेहरू बढ्दै गएका थिए । मसित दर्जनौं साथीहरू बसेर साँझमा पढेको सम्झना मलाई छ। पछि यी कुराहरू कुनै समयमा मलाई नै काम लाग्ला कि ?

रातिको खाना खाएपछि भने पढ्ने बानी भएन। गर्मी महीनामा राति कबड्डी तथा गिधवा गुडकान खूब खेलिन्थ्यो । जब दाहाको महीना आउन थाल्थ्यो अनि झाराको धुन सवार हुन्थ्यो। त्यो सामूहिक झारा त अहिले लोप नै भइसकेको छ। भदौ महीनामा भने जरजटिनको रौनक हुन्थ्यो । एकातिर दिदीबहिनीहरू जरजटिन खेलिरहेका हुन्थे, अर्कोतिर नजीकै हामी कबड्डी मच्चाएका हुन्थ्यौं । अहिले सम्झन्छु, लाग्थ्यो, दिदीबहिनीहरूको सुरक्षाको जिम्मेवारी हामीमाथि थियो।

असोजमा भगतई देखिन्थ्यो। मेरो गाउँमा झिझिया वर्जित थियो र अझै पनि छ । यथार्थमा झिझियाको माहोल मलाई थाहा छैन। मेरो गाउँमा झिझिया चल्दैन भन्ने मान्यता रहेकोले यसबाट वञ्चित भएको हुँ तर कात्तिकको सामाचकवासित भने मेरो विशेष अनुराग थियो।

सामाचकवा खेल्दै जब रात छिप्पिन थाल्थ्यो, तब चराउनको लागि खेल्नेहरू जान्थे । हामी केही भलाद्मी केटाहरू पनि जान्थ्यौं । अझ रमाइलो हुन्थ्यो लुकाडीको। हरेक दिन बाँसको सुपलीलाई एउटा करचीमा उनेर कोही न कसैले राखेका हुन्थे । जब सामाचकवालाई चराएर सकिएको गीत पूरा हुन्थ्यो, तब लुकाडीमा आगो लगाएर गज्जबले नचाउन थाल्थ्यो । म पनि कहिलेकाहीं यसरी नै गर्थें। प्रायः म किन पनि जान्थें भने जहाँ दिदीबहिनीहरू सामाचकवालाई चराउन भनेर गाउँभन्दा अलिक बाहिर जान्थे, त्यहाँ हाम्रो खरिहान थियो । खरिहानमा त खोलापारि पनि थियो तर मेरो भने वारि नै थियो। खोलाको भित्री किनारमा लुकाडी नचाएको दृश्य अहिले पनि सम्झना छ। कतै कसैको परालतिर आगो नजाओस् र कसैलाई कुनै हानि नगरोस् भनेर मुख्यरूपमा खोलाको भित्री किनार र कहिलेकाहीं पानीमा पनि उभिएर कसैकसैले लुकाडी नचाउँथे।

सामाचकवाका सबै गीतको सम्झना छैन। वास्तवमा भन्ने हो भने अहिले जब कतै अलिकति गाएको सुन्छु तब लाग्छ कि यो गीत पनि सुनेको छु । गीतले मलाई तान्छ। कतिपय गीत जब सुन्छु, तब लाग्छ कि अब यसपछि यो कुरो आउँछ र कतिपय अवस्थामा मेरो अनुमान मिल्छ।

कक्षा १० मा पुगेपछि पढाइको बोध हो कि बोझ भएको थियो। यस्ता कुरामा

स्वान्त सुखाय:



सञ्जय मित्र

mitrasanjay41@gmail.com

खासै ध्यान दिने कुरा भएन । अनि एसएलसी पास गरेपछि त गाउँ नै छाडें। अहिलेसम्म गाउँ फर्किन सकेको छुइनँ। अब गाउँ फर्किन पाउँछु कि पाउँदिनँ, ठेगान छैन । यससँगै सामाचकवा पनि करीब छुटिसकेको थियो र अझै पनि निकट हुन सकिरहेको छैन।

मेरी बहिनी जुन उमेरमा सामाचकवा खेल्थी, मेरी छोरीले सो उमेरमा सामाचकवाको खेलौना एक/दुई वर्ष खेल्न पाएकी हो । जमाना कहाँबाट कहाँ पुगिसक्यो ? कति सहज थियो सामाचकवा ? अहिले कति जटिल हुन पुगेको छ यही। अहिले म जुन बस्तीमा छु, यहाँ मुश्किलले १०/२० घरका केटाकेटीको चिनजान हुन्छ, त्यो पनि आफ्नै उमेरका सँग। प्रतिस्पर्धाको मारमा व्यस्तताको बोझले अहिलेका बालबालिकाको बालापन थिचिइसकेको छ। हामी कति फुक्का थियौं, आफ्नो जमानामा। हामीले पनि प्रगति नगरेका होइनौं, शहरले अलिक प्रगति गरेको होला बढी तर समग्रमा बालापन नै बुझ्न नपाएको पुस्ता तयार भइसकेको जस्तो लाग्छ, अहिले हाम्रो तुलनामा । हाम्रो जमाना अहिलेको जस्तो बदमाश थिएन, बदनाम थिएन, सोझो थियो र त गाउँभरिमा ५०औं घरका दिदीबहिनीहरूको समूहले सामाचकवाको गीत एकसाथ गाउँदा टोलकै वातावरण सुरम्य हुन्थ्यो। यदि कोही सामाचकवाका गीतहरू सुनेका होलान् भने बुझ्छन्, कति शान्त, सौम्य र सुन्दर। आफ्नै भाकाभित्र अनेक गीतहरू।

सबैभन्दा रमाइलो दिन हुन्थ्यो पूर्णिमाको । यस दिन सामाचकवा सेलाइन्थ्यो। यसको तयारी दिउँसोदेखि नै हुन्थ्यो तर खासै फरक दिन भने हुँदैनथ्यो। पूर्णिमाको दिन आउँदा गाउँका



तस्वीरः फाइल

करीब साठी प्रतिशत मानिस नदीमा नुहाएका हुन्थे । मेरो गाउँको दुईतिर भएर चानी नदी बहेको छ तर शिवनगर गएर लमाहा नदीमा नुहाउनेको सङ्ख्या बढी हुन्थ्यो। नुहाउने पनि र दर्शन पनि गर्नेहरू बढी हुन्थे। अहिले बाग्मती गएर नुहाउने चलन बढेको छ।

बिहानै नुहाएपछि दिन त धेरै लामो लाग्थ्यो। रातिको प्रतीक्षा हुन्थ्यो।

पहिलेदेखि नै, मलाई जहाँसम्म सम्झना छ, कात्तिक पूर्णिमाको राति अलिकति मीठो खाना पाक्थ्यो। कम्तीमा तरुआ त पाक्थ्यो नै। आज पनि मलाई तरुआ धेरै मन पर्छ। तरुआ अलिकति सामाचकवालाई पनि खुवाइन्थ्यो । ठेकुआसित सम्बन्धित त गीतहरू थिए नै सामाचकवाका । अनि खाना खाएपछि दिदीबहिनीहरूमा पनि उत्साह हुन्थ्यो । आज सेलाउने दिन । अलिकति पीडा पनि हुन्थ्यो । जब गाउँटोलका सामा खेल्नेहरू एक ठाउँमा भेला हुन्थे तब गाउँ नै एक किसिमले गुञ्जायमान हुन्थ्यो । आजको दिन साँच्चिकै बडो मनोरम हुन्थ्यो। खेल्दाखेल्दै जब निकै रात पर्थ्यो, मूलतः आमाबुबा उमेर समूहका मानिसहरूले रोक्नुपर्ने आग्रह गर्थे, तब सामाचकवाका सबै सामग्रीलाई तोडफोड गर्ने पालो आउँथ्यो । अहिले के कस्तो चलन छ, भन्न सकिन्न तर त्यत्ति बेला सामाचकवा खेल्ने दिदीबहिनीका दाजुभाइले नै पहिले सामाचकवाका प्रतिमूर्तिहरू तोड्ने गर्थे । तोड्नु अघि दिदीबहिनीलाई उपहार दिनुपर्थ्यो, जसलाई हामी दानदहेज भन्थ्यौं। बच्चामा हामीसित कहाँबाट केही आउनु र दिनु तर आमाले भनेजस्तै सकार हुन्थ्यो र बहिनी मान्थी। त्यस बेला सकार गरिएका कुराहरू दिन सकियो वा सकिएन अहिले केही पनि सम्झना छैन। यो विधान हो रे ।

अनि नजीकैको खोलामा सेलाउन लगिन्थ्यो । जहाँसम्म सम्झना छ, सामाचकवा सेलाउँदा पनि दिदीबहिनीहरूले अर्को वर्ष फेरि पनि सामाचकवा खेल्ने वाचा गर्थिन्, गीतमैं। सामाचकवा गीतप्रधान संस्कृति नै हो। शायदै कुनै काममा गीतको उपयोग नहुँदो हो। यद्यपि यो ठाउँविशेषमा केही भिन्नता पनि देखिएला तर म आफ्नो सम्झना प्रस्तुत गर्दैछु। हरेक दिन सामाचकवाको सुरुआत गीतबाट हुने गर्थ्यो र गीतमैं गएर समापन हुने गर्थ्यो।

सामाचकवा शान्तिको संस्कृति थियो गाउँमा । कतै कतै ठूलो मेला लाग्ने गरेको पनि सुनिन्थ्यो तर हामी भने सामाचकवाको मेला हेर्न कतै जाँदैनथ्यौं। विद्यालय बन्द हुँदैनथ्यो र राति धेरै टाढा जाने कुरा भएन। अहिलेको जस्तो न त सडक थियो, न त यातायात नै । साइकलको प्रचलन त खासै चलिसकेको थिएन। अनि केटाकेटी मानिस, रातिको समयमा कुन गाउँमा कति टाढा मेला लागेको छ भनेर कसरी हेर्न जाने ? यो कुरा मनमा पनि आउँदैनथ्यो।

सामाचकवा खेल्ने समूहका दिदीबहिनीहरूबीच हुने चिनापर्ची र यसको पुनर्नवीकरणको संस्कृतिमा ह्रास आएको छ। समय बदलिएर अहिले मोबाइलमा प्रवेश गरिसकेको छ । मोबाइलबाट जमाना अलिकति बाहिर आउन खोजुन्जेल हाम्रा कतिपय संस्कृति कहाँ पुग्ने हो निश्चित छैन। यस प्रकारको चिन्ता पनि समाजलाई रहेको पाइँदैन। मलाई अहिले पनि के लाग्छ भने हाम्रो समाजमा सबैभन्दा विकृतिरहित कुनै संस्कृति छ भने त्यो सामाचकवा हो।

# अजङ्गका भिराला पहाड : लाङटाङ यात्रा

हिमालको काखमा अवस्थित लाङटाङ–क्यान्जिङ

बुद्धमन्त्र लेखिएका लुङता फहराइरहे लाङटाङसम्म

जीवनमा एकपटक पुग्नैपर्ने गन्तव्य हो, लाङटाङ

‘हुनत पैदल हिंड्नु भनेको आफैंले आफैंलाई चिन्नु पनि हो । आफ्नै देश, संस्कृति, रहनसहन र भूगोल हेर्न, बुझ्नु पनि पर्ने भएकोले असहजताको बीचमा पनि पदयात्राको लागि जान तयार भएँ। बिजुली बत्ती छैन, सोलारको धिपिधिपी उज्यालोमा बस्नुपरेको छ । स्याँफ्रुबाट यति नजीक पनि सञ्चार सुविधा टेलिफोन सेवा छैन। टावरै देखाउँदैन, डाटा चल्दैन।



मोबाइल चार्ज गर्न कठिन छ।

लाङटाङ पुग्नु अघि म त बेस्सरी थाकें, हिंड्नै गाह्रो हुन थाल्यो। पदयात्रा छोडेर फर्कियौं कि जस्तो पनि लाग्यो। मलाई चीसोले समातेको रहेछ। बाटामा भेटिएका यात्रीले टोपी लाउन, लुगा थप्न सल्लाह दिए । मैले चिसिएको जीउमा लुगा थपें, ज्याकेट लाएँ। त्यसपछि अलि आराम महसूस भयो।’

केही दिनको लामो बिदा भयो कि पदयात्रामा निस्किहाल्ने हाम्रो टीमको बानी थियो । विश्व हेर्न नपाए पनि आफ्नो देश त घुम्नै पर्छ भन्ने सोच सानैदेखि थियो। हुनत मैले विश्वका एक दर्जनभन्दा बढी देशको भ्रमण गरेको छु तर शहरी क्षेत्रमा मात्रै । आफ्नै देशको मनाङ मुस्ताङ घुमेपछि भने मलाई कम्तीमा वर्षको एकपटक आफ्नै देशको नयाँ ठाउ घुम्ने हुटहुटी लाग्यो। त्यसैले लामो बिदा या चाडपर्वको समयमा कतै घुमौं भन्ने योजना मनमनै बनाउँदै थिएँ। तिहारको टीका सकिएसँगै घरमा एक्लै बसिरहेको थिएँ । विवेक भान्जाको फोन आयो, मामा लाङटाङ पदयात्रामा जाने ? मैले नजाने, केही तयारी छैन भनें। भान्जाले केही तयारी चाहिंदैन, जुत्ता लुगा भए भइहाल्छ भने। मैले जुत्ता छैन भनेपछि अहिले पदयात्रालाई लक्षित गरेर गोल्डस्टार कम्पनीले नयाँ जुत्ता बजारमा ल्याएको छ, सस्तो पनि छ, त्यो भए हुन्छ भने। राति अबेर भइसकेको थियो। गोल्डस्टारको शोरूममा फोन गरियो, खुल्ला रहेछ । त्यसपछि रु २३०० मा जुत्ता किनेर ईसेवामार्फत रसुवाको स्याँफ्रुबेंसीसम्मको बस टिकट काटेर कात्तिक १९ गते बिहान लाङटाङ पदयात्रामा जाने कुरा भयो। घरमा कसैलाई भनेको थिइनँ। घरबाट सजिलै अनुमति पाएपछि अरू के नै चाहियो र !

विश्व पर्यटन बजारमा लाङटाङ क्षेत्रले बेग्लै पहिचान बनाएको छ । नेपालको पदयात्रा मार्गमा यो तेस्रो पदयात्रा गन्तव्यका रूपमा चिनिएको छ। रसुवा, नुवाकोट र सिन्धुपाल्चोक तीन जिल्लामा

संस्मरण



विष्णु गिरी ‘निश्चल’

nischalbishnu@gmail.com

फैलिएको लाङटाङ राष्ट्रिय निकुञ्ज २०३२ सालमा स्थापना गरिएको हो। एक हजार ७१० वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ भने ४१० वर्ग किमी मध्यवर्ती क्षेत्रमा समेटिएको छ। यसमा ४६ प्रजातिका स्तनधारी, ३१५ प्रजातिका चरा, ११ प्रजातिका घस्रिने जनावर, ३० प्रजातिका माछा, १० प्रजातिका माकुरा र ५८ प्रजातिका पुतलीलगायत हजारभन्दा बढी प्रजातिका वनस्पति पाइन्छन् । विश्वमैं दुर्लभ रेडपाण्डा, हिमचितुवा, बँदेल, हिमालयन कालो भालु, घोरल, लङ्गुर, आसामी बाँदर, सेता बाँदर, झारल, घोरल, कस्तुरी मृगलगायत वन्यजन्तु पाइन्छन् । त्यस कारण पनि ती सबैको अवलोकन र वन्यजन्तु तथा वातावरणबारे जानकारी पाउने उद्देश्यले मन प्रफुल्लित भएको थियो।

हुनत पैदल हिंड्नु भनेको आफैंले आफैंलाई चिन्नु पनि हो । आफ्नै देश, संस्कृति, रहनसहन र भूगोल हेर्न, बुझ्न विवेक भान्जासहित हामी चारजनाको टोली चढेको गाडी धादिङको गल्छी भएर अगाडि बढ्यो । यात्राको क्रममा बाटो कतै ढलान, कतै कच्ची, कतै पक्की । तन र मन सिरिङ हुने बाटो । काठमाडौंबाट हिंडेको करीब छ घण्टामा धुन्चे (१९६० मिटर) पुग्यौं । धुन्चेबाट करीब सवा घण्टामा हामी स्याँफ्रुबेंसी (१५०३ मि) पुग्यौं । पानी परिरहेकोले प्लास्टिकको छाता ओडेर स्याँफ्रुबेंसीमा डुनट र चिया खाएर हिंड्यौं। बाटोमा लाङटाङ खोला जलविद्युत् आयोजनाले २० मेगावाटको विद्युत्को लागि बाटो बनाएको रहेछ । मोटरबाटो भएपनि मोटर चाहिं नचल्ने । आयोजनाका गाडीहरू मात्र चल्ने रहेछन्। बास बस्न हामीलाई ‘ब्याम्बो’ पुग्नु थियो, त्यसैले स्याँफ्रुबेंसीमा कति पनि अलमल गरेनौं। भोटेकोशीमाथिको झोलुङ्गे पुल र लाङटाङ खोलाको पुल तरेर अगाडि बढ्यौं।

लाङटाङ खोलासँगै बाटो हिंड्छ, बाटोसँगै खोला, हामी उसैलाई पछ्याउँदै, उसकै सङ्गीत सुन्दै हिंड्छौं । बुद्धमन्त्र लेखिएका लुङ्ता फहराइरहेको पहिरो भन्ने ठाउँमा पुग्यौं । पहिरोमा जाँदा–आउँदा पदयात्रीहरू तथा सहयोगीहरू सुस्ताउने र चिया–खाजा तथा खाना खाने ठाउँ रहेछ । हाइड्रोपावर कटेपछि होटलका आँगन हुँदै हामी चरक्क चर्केको घामसँगै सुनका धर्काधर्की र चाँदीले लेपन गरेका बाटाभरिका ढुङ्गामा आफ्ना पैताला राख्दै वनैवनको बाटो ब्याम्बो (१९७० मिटर) पुग्यौं । यो क्षेत्र रेडपाण्डाको बासस्थान पनि रहेछ। यहाँ तीनवटा होटल छन्– शेर्पा, ब्याम्बो र टिवेटन। हामी टिवेटनमा खाना खायौं र बास बस्यौं, प्रतिव्यक्ति रु १५०० तिर्यौं। बिजुली बत्ती छैन, सोलारको धिपिधिपी उज्यालोमा बस्नुपरेको छ । स्याँफ्रुबाट यति नजीक पनि सञ्चार सुविधा टेलिफोन सेवा छैन । टावरै देखाउँदैन, डाटा चल्दैन। मोबाइल चार्ज गर्न कठिन छ । तै होटलको साहुजीलाई अनुरोध गरेर वाइफाई चाहिं चलाउने सुविधा एकछिन पाएर घरपरिवारसँग कुराकानी भयो । राम्चे (२,२२३ मिटर) भीरको एउटा ढुङ्गामा टाँगिएको फोटो देखेर हाम्रो हिंडाइ टक्क रोकियो । फोटोले २०७२ सालको महाभूकम्पको त्रासदी सम्झायो। लाङटाङ पदयात्रामा निस्केका इजरायली युवाको भूकम्पसँगै ओइरिएको पहिरोमा ढुङ्गाले किचेर यहीं मृत्यु भएको रहेछ। उनकै सम्झनामा सो फोटो राखिएको रहेछ । ठाउँठाउँमा भेट्टाइने पहेंलपुर ऐंसलुको स्वाद लिंदै अघि बढ्छौं। दुईटा डाँडाका बीचमा अलिकति आफ्नो अनुहार देखाएर मुसुक्क हाँसेको ‘चदाङ पिक’ देख्दा रमायौं। झन्डै तीन घण्टाको हिंडाइपछि हामी ब्याम्बोबाट लामा होटल (२४१० मिटर) पुग्यौं। यहाँ १०/१२ वटा होटल रहेछ। पहिले लामा भन्ने व्यक्तिले यता चौंरी पालेर खर्क बनाएर होटल चलाएकाले यस ठाउँलाई उनकै सम्झनामा ‘लामा होटल’ भनिएको रहेछ। त्यसबाट पनि हामी अगाडि बढ्यौं, रिभर साइड (२,७६९ मिटर) पुगेर खाना खायौं।

अघाएको पेट बोकेर हिंड्दा हामी घोडा तबेला पुग्यौं। केही समय आराम गरेपछि हामी अगाडि बढ्यौं। झोलामा दिदीले हालिदिएको भाइमसला खाँदै हाम्रो यात्रा अगाडि बढ्यो। ठाडै उकालो आयो, गलेको जीउलाई झन् गलायो। उकाली–ओराली गर्दै थाङसाप भिलेज (३,२०० मिटर) पुग्यौं। यहाँ दुई/तीन वटा होटल रहेछ। हामी तिब्बत होटलमा बास बस्यौं। भोलिपल्टको ब्रेकफास्टपछि फेरि हाम्रो यात्रा निरन्तर अगाडि बढ्यो । चीसो सिरेटो चल्न शुरू गर्‍यो। लाङटाङ पुग्नु अघि म त बेस्सरी थाकें, हिंड्नै गाह्रो हुन थाल्यो। पदयात्रा छोडेर फर्कियौं कि जस्तो पनि लाग्यो । मलाई चीसोले समातेको रहेछ। डाँडामा रहेको होटलवालाले टोपी लाउन, लुगा थप्न सल्लाह दिए । मैले चिसिएको जीउमा लुगा थपें, ज्याकेट लाएँ। त्यसपछि अलि आरामको महसूस भयो । त्यही बेला ‘इनर्जी जुस’ पनि खाएँ एक गिलास । जुसको तीन सय रुपैयाँ पर्दोरहेछ। लाङटाङ पुग्नु अघिको एउटा बस्ती ढुङ्गैढुङ्गाले पुरिएको रहेछ, २०७२ सालको भूकम्पको क्षति रहेछ त्यो । भूकम्पसँगै आएको ठूलो हिमपहिरोले सिजनको बेला भएकाले धेरै जनधनको नोक्सानी भएको रहेछ। लामो यात्रापछि लाङटाङ भिलेज (३,४७५ मिटर) पुग्यौं।

विशेष खालको फलामे चिम्नी चुलोमा दाउरा हालेर आगो सल्काएपछि कोठा रनक्क तात्यो । त्यसकै वरिपरि बसेर तातो भात खायौं । तरकारी भने जुन होटलमा पनि आलुकै पाइने वनसँग अलिअलि मिसाएको र स्कुसको तरकारी

(बाँकी चौथो पातामा)

# स्वार्थ

(लघुकथा)



नवराज रिजाल
सम्पर्क : ९८५११३८६२४
पेशा : प्राध्यापन/पत्रकारिता

गाउँमा श्यामप्रसादको निकै आदरभाव थियो । धेरैका आँखामा श्रद्धासुमन थिए ।

सबैलाई बराबर देख्नु र सहयोगी हात बढाउनु उनका विशेषता हुन् । उनी अपहेलित, असहाय र पीडितहरूमाथि बढी स्नेह, सम्मान र सहानुभूति राख्थे । नारी समानतालाई महत्त्व दिंदै भन्थे, "मृत पतिको नाममा पत्नीले आजीवन विधवा बस्नुहुन्छ भने पतिले पनि पत्नीको नाममा विधुर रहनैपर्छ ।"

सानो परिवार सुखमय जीवन बिताइरहेको थियो । छोरा-बुहारी र पाँच वर्षे नाति उनीहरूको पारिवारिक रूपरेखा मीठो तथा संस्मरणीय थियो । समाजसेवी उनी र शिक्षक छोराको आम्दानी राम्रो भएको कारण आर्थिक कठिनाइ थिएन ।

एक दिन अचानक उनको परिवारमा बज्रपात भयो । घटनाले गाउँलेहरूका नेत्रसमेत सजल बनायो । श्यामप्रसादको समाजसेवामा कठिनाइ उत्पन्न भयो ।

बुहारीको १३औं दिनको कार्य समाप्त भयो । २२औं दिनमा घरमा धूमधामले बाजा बज्यो र रत्यौली नाचियो । निम्तालुहरूले खुशीसाथ जन्तीसाथ जन्तीबाख्रो खाए । घर रौनकले तातेकै थियो । सबैको मुहारमा उत्साह र खुशीयालीको बहार थियो ।

केही समयपछि उनी पुनः दत्तचित्त भएर समाजसेवामा सामेल भए । फेरि नारी अस्मिता तथा स्वाभिमानको विषयमा उचित मौकामा मञ्चबाट आफ्नो आग्रह दोहोर्‍याए, "मृत पतिको..., पत्नीको नाममा विधुर रहनैपर्छ ।"

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



हरिकृष्ण बराल
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

अन्डाको कवच फुट्नु नै अहङ्कारको मृत्यु हुनु हो ।

अहङ्कारको समाप्ति भएपछि मात्र वास्तविक परमजीवनको महसूस हुन्छ । तब मात्र आत्म ज्ञान हुन्छ, तब मात्र म को हुँ ? भन्ने ज्ञान प्राप्त हुन्छ । स्वयंसँग अपरिचित रहेर जीवन जिउनु सच्चा जीवन होइन । आत्मिक बेहोशीबाट जागेर स्वयंलाई जान्नको लागि ओशोधारामा निमन्त्रण छ । अहङ्कार मर्छ अनि मात्र ॐकार प्रकट हुन्छ । ओशो भन्नुहुन्छ– मिथ्या 'म'को मृत्युपछि नै वास्तविक 'म'को जन्म हुन्छ ।

कहिलेकाहीं हामीलाई महान् सन्तको जीवन र सामान्य मानिसको जीवनमा किन यति धेरै अन्तर छ ? किन भगवान्ले सबैलाई समान बनाउनुभएन ? भन्ने प्रश्न उठ्ने गर्छ ? तर वास्तविकरूपमा हेर्ने हो भने अस्तित्वको तर्फबाट सबैलाई समान अवसर प्राप्त भएको छ । तर हामीले पाएको यस अवसरलाई हामी कसरी उपयोग गर्छौं, त्यही अनुसार नै हामीलाई यसको परिणाम प्राप्त हुन्छ ? भन्ने कुरा हामीले कहिल्यै भुल्नुहुँदैन । यसलाई सबैभन्दा प्रचलित तथा सरल उदाहरणबाट बुझ्न सकिन्छ । दुईजना भान्से छन् । त्यसमध्ये एउटा भान्सेलाई खाना पकाउने कला राम्रोसँग आउँछ । तर अर्कोलाई राम्रोसँग खाना बनाउन आउँदैन । दुवैको लागि खाना बनाउनको लागि भान्सामा एकै किसिमका सामग्रीहरू उपलब्ध छन् । इन्धन, भाँडाकुँडा, तरकारी, चामल, दाल, नून, मसला सबै थोक उपलब्ध छन् । तर जो खाना बनाउन कुशल भान्से छ, उसले स्वादिष्ट भोजन पकाउँछ । त्यो भोजन सबैको लागि पोषक तथा स्वस्थकर पनि हुन्छ । र अर्को भान्से जसलाई राम्रोसँग खाना पकाउँन आउँदैन, उसले स्वादिष्ट भोजन पकाउँदैन । उसले पकाएको भोजन कसैलाई पनि मीठो लाग्दैन । त्यो भोजन अस्वस्थकर पनि हुन सक्छ । थोरै गलतीले पनि खाना अस्वस्थकर बन्न सक्छ ।

यसैगरी, प्रकृतिले उसको तर्फबाट

क्रमशः

गजल



होमशङ्कर बाँस्तोला
पुरस्कार/सम्मानः जनान्दोलन घाइते सम्मान (नेपाल सरकार) २०६३, भानुभक्त काव्य पुरस्कार, २०७१, यज्ञराज घले संस्था पुरस्कार, २०७४, प्रेस काउन्सिल साहित्यक पत्रकारिता पुरस्कार, २०७६

परेलीमा आँसु झारी धेरै धेरै रोएँ
छातीभित्र घाउ पारी धेरै धेरै रोएँ

विछोडमा तिम्रो माया नमेटिंदाखेरि
जिन्दगीमा सधैं हारी धेरै धेरै रोएँ

भेट्न मन हुँदा पनि तिमी खोलापारि
वर्षा लाग्दा माया मारी धेरै धेरै रोएँ

तुवाँलोले तिमी हिंड्ने बाटो छेकिदिंदा
सम्झीसम्झी मुटु खारी धेरै धेरै रोएँ

उदास यो मनभित्र चस्किएरै पोल्दा
दुखेका यी पीर टारी धेरै धेरै रोएँ

# साइनो

कविता



डा छायादत्त न्यौपाने 'बगर'
सम्पर्कः ९८५११५७१९३
पेशाः लेखन, सम्पादन तथा प्राध्यापन

समयमा बिउँझौं
काम दिन्छ मीठो माम
कामै त हो जीवन सान !

विक्षिप्त मनहरू
अर्थहीन शब्दबाण
निर्वस्त्र भो अगुवा नृत्य !!

मदारी र बाँदर
घर भत्काउने होड
बेसुर तालको डमरु !

आधा भरि छ गाग्री
ठूलो डोको, लामो नाम्लो
मिठौरे मुख, अल्छी हात !!

कहाँ छ परराष्ट्र ?
घाइते भो महाकाली !
मस्त छ, लाछी कुर्सी मोह ??


कहाँ गयो बिजुली ?
अँध्यारै छ पढ्ने कोठा !
अँध्यारो प्रिय व्यवस्था यो ??

यो मतिहीन मान्छे
गतिहीन कर्महरू
अर्थहीन यो राजनीति ?

मान्छे म मांसाहारी
अहिंसा, गीत गाउँछु
नैतिक शिक्षा पढाउँछु !

# करीम देवान

कथा



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

"बसतपुर जाने बाटो कुन हो ?"– बटुवा
"कुन बसतपुर"– ग्रामीण
"करीम देवानको बसतपुर ।"
"यही गोरेटे भएर जानुस् । जुन पहिलो गाउँ आउँछ, त्यही करीम देवानको बसतपुर हो ।"

जिउँदोमा करीम देवान आफ्नो गाउँको पहिचान थिए । मरेपछि किंवदन्ती बने । यो कहानी तिनै करीम देवानको हो ।

करीम किशोरकालमा सिकन्दर फिल्म हेरेर आए । फिल्ममा सोहराब मोदीको व्यक्तित्व र अभिनय देखेर यति प्रभावित भए कि आफू पनि अभिनय गर्ने अठोट लिए । सिनेमा र थिएटरमा जान सक्दैनथे । त्यो नौटङ्की र बाईजानको जमाना थियो । नौटङ्की मेलाठेला लाग्दा बोलाइन्थ्यो । ठूलाबडाको बिहेमा बाईजानलाई बोलाइन्थ्यो । मध्यमवर्गमा नाच र निम्नवर्गमा गोढनच प्रसिद्ध थियो । करीमले भिखारी ठाकुरको नाचको धेरै प्रसिद्धि सुनेका थिए । एक दिन भिखारी ठाकुरको नाच हेरेर आए । त्यहाँको मानिसको भीड र नाचले करीमलाई मोहित बनायो । अब उनले नाचमा अभिनय गर्ने मनसाय बनाए ।

करीम बिस्तारै जवान भए । गठिलो, लामो र लालभभुका, ठीक सिकन्दर बनेका सोहराब मोदीजस्तो । अब उनी नाचमण्डली गठन गर्ने उद्यममा लागे । मनोयोगले गरेको उद्देश्यपूर्तिमा बाधा आए पनि आफैं हट्दै गयो । छिमेकी गाउँका गोवर्धन र इसराइललाई जोकरको प्रशिक्षण दिइयो । गाउँमा गाजर महरा सारङ्गीमा पारङ्गत र मखु महरा तबलामा निपुण थिए । किशोर रामायण, आशिम, मुखी, मोबारक र बलदेवलाई स्त्रीपात्र बनाइयो । भिखारी यादव सहायक अभिनेता र स्वयम् करीम अभिनेता बने । यसरी त्यस समूहको नाचमण्डली बिस्तारै प्रसिद्ध बन्दै गयो ।

त्यति बेला सिनेमाको निकै बोलवाला थियो । टाढाटाढासम्म गएर उनी सिनेमा हेर्थे । फर्केर त्यसैका गाना, नाच प्रस्तुत गर्थे । केही गाना करीम आफैं पनि बनाउँथे । बिस्तारै करीम देवानको नाच यति प्रसिद्ध भयो कि इलाकामा नम्बर एक र सर्वाधिक महँगो नाच बन्यो । बिहेमा केटापक्षले करीम देवानको नाच चाहियो भनेर केटीपक्षलाई बाध्य पार्थे । नाचको आकर्षण करीम देवान त थिए नै, तर बाँकी अन्य पनि कम थिएनन् । मुखी जब असराङ्ग (स्त्रीपात्र) बनेर आउँथ्यो, तब केटी हो कि केटा छुट्याउनै मुश्किल पर्थ्यो । सबै असराङ्ग जब एकसाथ सरस्वती वन्दना गर्थे, तब सिनेमालाई पनि माथ गर्थे । गोवर्धन र इजराइलको जोकर जोडी शामियानामा प्रवेश गर्दा हाँसोको फुहारा छुट्थ्यो । गोवर्धन सिनियर थियो । ऊ 'बोल्यो कि हाँसो फुट्यो' भन्ने उखानै थियो । आफू रत्ती नहाँस्ने तर अरूलाई हँसाएर लोटपोट पारिदिने शक्ति थियो उसमा ।

सबैभन्दा बढी प्रतीक्षा अभिनेता करीम देवानको हुन्थ्यो । ऊ आयो कि शामियाना थपडीले गुञ्जायमान हुन्थ्यो । लैला-लैलाको तान जब करीम छाड्थे, अर्को गाउँसम्म सुनिन्थ्यो । उनको तानले महिलाहरू मोहित हुन्थे । महिलाको यही मोह एक दिन करीम देवानको काल बन्यो ।

एक दिन उनको मण्डली गौनाहामा नाच्न गयो । करीमको तानले त्यहाँकी एउटी युवती यति प्रभावित र मोहित भइन् कि करीमको चाहनामा व्यग्र हुन थालिन् । नाच खत्म भयो । अरू कलाकारका लागि छुट्टै र करीम देवान एक्लैको लागि छुट्टै राउटीको इन्तजाम हुन्थ्यो । करीमको राउटी ठम्याएर ती युवती राउटीमा पसिन् र प्रणय निवेदन गर्न थालिन् । करीम देवान लङ्गौटीका पक्का थिए । शायद उनको नाचको प्रसिद्धिको त्यो पनि कारण थियो । करीमले इन्कार गरेपछि ती युवती घाइते बनेर फर्किन् ।

नाचबाट फर्केर आएपछि करीमलाई ज्वरोले चाप्यो । तेस्रो दिन प्राण पखेरु उड्यो । गाउँमा कोहराम मच्यो । त्यस्तो नौजवानको एक्कासि कसरी मृत्यु भयो ? उनको ख्यातिले गाउँको नाम नै करीम देवानको गाउँ भएको थियो ।

उनको मृत्युबारे थरीथरीका अडकल सुनिन्थ्यो । कोही भन्थ्यो करीमको राउटीमा जुन महिला पसेकी थिई, ऊ डायन थिई । करीमले प्रणय निमन्त्रण नमानेपछि 'कारन' गरेर मारिदिई । कोही भन्थ्यो राउटीमा गएकी युवती चुडेल थिई । प्रणय निवेदन मान्ने नमान्ने कुरासँग उसलाई कुनै मतलब थिएन । उसले करीमलाई खानु थियो खाई । कोही भन्थ्यो गौनाहा गाउँमा आफैं एउटा नाचमण्डली थियो । त्यहाँको नाचको ख्यातिमा करीम बाधक बनेको थियो । यही कारण करीमको खानामा विष मिलाएर करीमलाई बाटोबाट हटाइयो । तर गाउँका पढेलेखेका एकजना नौजवानले भने जुन दहीचिउरा नाचमण्डलीलाई खान दिइयो, त्यो सङ्क्रमित थियो । तर नौजवानको कुरा पत्याउन गाह्रो थियो । त्यो खाना त पूरै मण्डलीले खाएको थियो । तर जो पनि बटुवा कब्रगाहको बाटो भएर हिंड्थ्यो, फर्केर आएर यही भन्थ्यो कि करीमको कब्रबाट हुँहुँ गरेको आवाज आइरहेको छ ।

करीम कहिले अखडा गएनन् । तर जब कसैले जोडी नपाएर ललकार्थ्यो करीम ताल ठोकेर भिड्थे र घमण्डी पहलवानलाई धूलो चटाएर फर्कन्थे । जब गोपीचनको छतुअनको रूखमुनि अल्हाको तान छोड्थे, तब वरिपरिका गाउँले जम्मा हुन थाल्थे । भिखारी राउतको दलानमा प्रत्येक मङ्गलवार र शनिवार रामायण पढेर कीर्तन हुन्थ्यो । करीम त्यसमा नबिराइ रामायण गाउन आउँथे । रामायणका चौपाईलाई करीम भजन बनाउन यति माहिर थिए मानौं रामायण कण्ठ छ । यस्ता थिए करीम देवान ।

# फेरि रिसकै छ गफ

व्यङ्ग्य



बद्रीप्रसाद ढकाल
सम्पर्कः ९८५११९६४८६
पेशा : लेखन, सम्पादन तथा प्राध्यापन

जहाँ जसको कमजोरी हुन्छ, त्यहाँ बडो रिसको निवास छ महोदय, जुन बेला पनि उठ्छ । फेरि यो रिस भन्ने कुरो मान्छेको होस् कि पशुको अत्यन्तै खराब यसले विध्वंस गरेरै छोड्छ, बिगारेरै छोड्छ । रिस उठिसकेपछि यसले कसैको अर्ती मान्दैन, मति पनि सुधार्दैन, बरु खति नै खति यसले गर्छ, अनि भएन ? ठीक । मान्छेको स्वभाव र चरित्र अनुसार रिस पनि फरकफरक प्रकृतिका हुन्छन् । कोहीको चपाइरहने रिस, कोहीको धपाइरहने रिस, कसैको उफ्रने रिस, कसैको टुक्रने रिस, कसैको दौड्ने रिस, कसैको पौड्ने रिस, यो यो देखाउने तरीका मात्र भो । वास्तवमैं भन्ने हो भो रिसलाई पाँच प्रकारमा बाँड्न सकिन्छ । सोझो रिस, टेढो रिस, बाङ्गो रिस, अचाक्ली रिस र गन्यमान्यको गढिलो रिस । यीसँगै लोभ र ईर्ष्या जोडिएर आएपछि चाहिं आफ्नो अर्को केही नभन्ने रहेछ ।

यी त भए रिसाहाका प्रवृत्तिका कुरा, जस्तो प्रकारको मान्छे उस्तै प्रकारको रिस । लुरे, लाम्रे, सिन्के, मरन्च्यासेको सोझो रिस । अलिअलि जान्ने सुन्नेको टेढो रिस । अति जान्ने सुन्नेको बाङ्गो रिस अनि भद्रभलाद्मीको चाहिं अचाक्ली लाटो रिस, गन्यमान्यको गढिलो रिस । यीमध्ये चाहिं गन्यमान्यको गढिलो रिस चाहिं बडो अधमको रिस हो, यसले थाहा नपाउने गरी पातालै पुर्‍याइदिन्छ । अनि यो रिस भन्ने कुरो मान्छेलाई चाहिं कहिलेकाहीं विनाबित्थामा पनि उठ्छ । रिस उठ्न कुनै कारण पनि चाहिन्न । अर्काले खा'को रिस, राम्रो ला'को रिस, उठ्या रिस, बस्या रिस, अर्काको उन्नतिको रिस, मोटाको रिस प्रकारान्तरमा देखिन्छन् । अरूको जे राम्रो भएपनि रिस उठ्नु स्वाभाविकै हो भन्ने चलन प्राचीन नै मानौं । अर्काको राम्रो आफ्नै चाहिं चाम्रो भएपछि रिस नउठोस् पनि कसरी ? उठ्नैपर्छ, उठिरहनुपर्छ । त्यसैले जहिले पनि हाम्रो गति उस्तै हुन्छ, नत्र त फरक भैहाल्थ्यो नि । रिसकै कारणले हामी हाम्रो पहिचान जोगाउन सक्षम छौं, सफल छौं ।

पहिला मान्छेलाई रिस उठ्यो भने पनि घरमैं बस्थ्यो या चउरमा नाच्थ्यो तर आजभोलि रिसले प्रदर्शन गर्ने स्थान चाहिं परिवर्तन गरेको छ । अरू कुरोमा ज्यूका त्यूँ भएपनि 'जहाँ कङ्गाल, त्यहाँ चण्डाल'को उखान चरितार्थ भएकै छ । हाम्रो अवस्था र स्थिति त्यहींका त्यहीं भएपनि रिस चाहिं अल बढी नै उठ्न थालेको छ र आजभोलि त्यसैले त सडक र सदन रिसले नै निकै तातेको छ । मान्छेको तातो रिसले सदन र सडकले खेपेकै छ, नत्र के भैसक्थ्यो । मान्छेको रिसले दुःख पाउँछ, सडक र सदन । जसलाई जेले गर्दा जस्तो प्रकारको रिस उठे पनि मान्छे हत न पत दौडेर सडकमैं कि त सदनमैं आइपुग्छ । नीति नियम मिचेर ठूलो पल्टे पनि, आफ्नो विचार उल्टे पनि, छोराछोरीसँग चित्त दुखे पनि, भ्रष्टाचारी देशभित्रै लुके पनि, खलासी र ड्राइभरको वाक्युद्ध भएपनि, पेसेन्जरले भाडा नदिए पनि कि त सडक तात्छ कि त सदन । यहाँ अरूले दुःख पाए पनि तताउन सबै छुट छ, भाउ बढाए पनि, दाउ लगाए पनि, यहाँ चण्डालकै ब्रह्मलुट छ । बिचरा गौप्राणी जनता सधैंको दुःखमा, कसले बुझ्ने पीडा ? कसले बुझिदिने मर्का । महँगीले थिचिएर पनि, भ्रष्टाचारले कुचिए पनि, उजूरी गर्नु कहाँ ? जेले थिचिए पनि, मिचिए पनि, सुनाउने कसलाई ! हरे । यहाँका प्राणी यस्तै हुन् कि, नीतिनियम वर्षौंदेखि यस्तै चलिरहेछ । जुनै तन्त्र आए पनि मान्छेको बुद्धिको बिर्को लागेको लाग्यै छ । नीति न स्थिति, यत्रैसिति भनेर न्याय नै किनबेच हुने भएपछि न्याय नपाए कता पो जानु लौ अब । त्यसैले शहरामा मान्छे चाहिं बढेका बढ्यै मूल्य चाहिं घटेका घट्यै छ, आजकल । पहिलेदेखि नै चलिआएको कुरो, मान्छे हुनेखानेकै पछि लाग्छन्, नहुनेलाई जति गरे पनि हुँदैन, जीवनदेखि नै थाक्छन् । अनि बाँच्नुको तरीका नै फरक, बाँच्न सके बाँच्छन्, नसके लुगा फुकालेर टोलटोलमा नाच्छन्, टोलटोलमा गल्लीगल्लीमा हाँस्छन् । रिसैले त हो नि मरिमरि पसिना बेच्यो, दुई छाक खान धौंधौ, उक्लेला मास्तिर भन्यो, झन्झन् तलतल भासिएकै छ । हिजोको भन्दा पनि आजको मासिएको छ, यस्तो भएपनि सडकमा नओर्लेर हुन्छ । थाल बजाएर होस् कि टिन ठटाएर, सिट्टी फुकेर होस् कि बाटो ढुकेर आआफ्नो इच्छा पुर्‍याउनैपर्छ नत्र गर्ने के ? सोझो बाटो हिंड्नेले दुःख पाए पनि छेक्नेले लट्ठी खाए पनि सडक र सदन एकैछिनमा तात्छ, अनि निकास नपाउँदै सेलाइहाल्छ । तात्न छोड्या त साधारण मान्छेको चुलो न हो, त्यो त कसलाई के मतलब, जसलाई पर्छ त्यसैले भोग्ने न हो भन्न आए भने, मज्जाले ठोक्ने न हो । तर पनि रिसले प्रदर्शनस्थल मोड्या पनि होइन । रिसले भत्काउन छोड्या पनि होइन । बिचरा मामको लागि सकी नसकी घाममा दौड्नेहरू सुइय गरे पनि, थाकेर खुइय गरेपनि, महँगीले ढाड सोझो पार्न दिंदैन । अझ, कहिलेकाहीं लोकतन्त्रका महाराजाका सवारीले घण्टौं हलचल हुनै पाइन्न ।

पेटको आगोले विचारलाई बालेको कसले देख्ने ? अनि उठ्दैन त बेपत्ताको रिस, जुन तन्त्र आए पनि टाठाबाठाकै पो भो त मुलुक । बिचरा जनता कताकता मूकदर्शक बनेका छन् । रिसैले भने पनि आफैंले आफैंलाई दुःखी भनेका छन् । अरू कामै गर्न नसके पनि कुरा काट्या छन्, दुःख साट्या छन् । हेर्ने हेर्‍याहेर्‍यै, गर्ने गर्‍यागर्‍यै, रिस । न दुःख सकिन्छ, न रिस । त्यसैले यो सडक र सदन विकासको पूर्वाधार होइन, आज सबैको विष बनेको छ । कहिले कहाँ रोकिएको छ, कहिले कहाँ छेकिएको छ । त्यसैले दिनदिनै जनता भनिने गौप्राणीको ढाड झन्झन् सेकिएको छ, अनि रिस उम्ल्याउम्लै मत्थर हुने छाँटकाँट देखिन्न । रिसाहाहरू एउटै अनुहारमा फरकफरक ठाउँमा रिस पोख्यापोख्यै छन्, इज्जत जोख्याजोख्यै छन् । मान्छेको अस्तित्व रहेसम्म यो रिसले बाटो देखाउन्न, ठोकुवा गरेर भनिदिएँ । लौजा रिसले गिनिज बूकमा भनौं कि कलिपुराणमा आफ्नो उच्चता फेकाउन्न । जय होस् ।

## अजङ्का ...

मात्रै पाइने । सबै होटलमा सुकेको याक चौंरीको मासु मात्र पाइने रहेछ ।

यात्रामा भेटिएका सबैले बोन पो धर्म मान्ने । यताकाले आफ्नो डाइनिङ हलको एउटा छेउमा बुद्ध धर्म अनुसारको मन्दिर स्थापना गरेका हुँदा रहेछन् । सबै ठाउँमा दलाई लामाको फोटो पनि देखिन्थे । क्यानजिन गुम्पा (३,८५० मिटर) तिर निरन्तर अगाडि बढ्यौं । खुट्टा दुखेर हिंड्न नसक्ने अवस्था थियो । तथापि बिस्तारै यात्रालाई निरन्तरता दिइरह्यौं । बाटामा पानीबाट चलाइएको माने, छोर्तेन, लुङदार र साना गुम्बा देख्दा मनै आनन्दित भयो । ढुङ्गैढुङ्गाको अजङ्का भिराला पहाड, ढुङ्गाकै लामालामा छोर्तेनहरू, ढुङ्गै छापेका बाटाहरू, ढुङ्गैले ठडिएका घर र गुम्बाहरू र बाटाभरि फुलेका फूलहरूले हाम्रो मन प्रफुल्लित थियो । लाङटाङ र क्यानजिनको बीचमा पर्ने दुईवटा मुन्दुम (३,२१३ मिटर) र सिन्दुम (३,५५५ मिटर) लुङता फहराइरहेका भ्याली काटेर सानो उकालो चढ्ने बित्तिकै क्यानजिनका होटलहरू र छेउका चौंरी खर्क छ्याङ देखिए । क्यानजिन रि (४,३५० मिटर) चढ्न तयारी थियो तर मलाई सन्चो नभएर मैले चाहिं चढिन् । यसरी लाङटाङको यात्रा सफलतापूर्वक पूरा गरी क्यानजिनबाट हामी एकै दिनमा स्याँफ्रुबेंसी पुग्न सक्दैन्थ्यौं । बीचमा कहीं न कहीं बास बस्नैपर्ने थियो । हिजो-अस्ति हिंडेका बाटाहरूसँग फेरि प्रीति गाँस्दै लामा होटलमैं बास बसियो । लामा होटलबाट हिंडेर बाटा, जङ्गल र लाङटाङ खोलासँग अन्तरङ्ग गर्दै स्याँफ्रुबेंसी आइपुग्यौं । स्याँफ्रु बजार घुम्यौं । अविस्मरणीय लाङटाङ, क्यानजिन भ्याली र क्यानजिन रिको सम्झना बोकेर आठौं दिनको दिन काठमाडौं आइपुग्यौं ।

लाङटाङ पदयात्रामा बाटाभरि कहिले इजरायली, कहिले क्यानडेली, न्युजिल्यान्डवासी, जापानी, भारतीय र इन्डोनेशियाली भेटिन्थे । अझ बढी त इटालियाली, कोरियाली कोही एकल, कोही जोडी, कोही गाइड र सहयोगीका साथ हिंडिरहेका भेटिन्थे । म सबैजसोलाई दुई हात जोडेर नमस्ते भन्थें । मुसुक्क हाँसेर उनीहरू पनि नमस्ते भन्थे । दुःख त भयो, गाह्रो त भयो तर घरै बसेको भए यो भूस्वर्ग, यो हिमाली जनजीवन, यहाँको संस्कृति, यहाँको भूबनोट, कहाँ देखिनु र कहाँ भोग्न पाउनु । बाटो सम्झिंदा कष्टकर लागे पनि यात्राको क्रममा नयाँ कुरा देख्न, भोग्न र सिक्न पाउने हुनाले यात्रा सकिने बित्तिकै मान्छेले आनन्दको अनुभूति गर्छ । जीवनमा एकपटक यात्रा गर्नैपर्ने गन्तव्य हो, लाङटाङ ।

## अन्तर्राष्ट्रिय समाचार

# चन्द्रमामा पनि ज्वालामुखी विस्फोट भएको थियो

न्युयोर्क, ३० कात्तिक/एपी

हामीले देख्न सक्ने भागमा जस्तै चन्द्रमाको रहस्यमय टाढाको भागमा पनि अर्बौं वर्ष अघि ज्वालामुखी विस्फोट हुने गरेको नयाँ अनुसन्धानले पुष्टि गरेको छ ।



अन्वेषकहरूले चीनको चाङ्ई–६ ले फिर्ता ल्याएको चन्द्रमाको माटोको विश्लेषण गरेका थिए। यो थोरै अन्वेषण गरिएको टाढाको छेउबाट चट्टान र माटो लिएर फर्केको पहिलो अन्तरिक्ष यान हो।

दुई अलग–अलग टोलीले लगभग दुई अर्ब ८० करोड वर्ष पुराना ज्वालामुखीय चट्टानका टुक्राहरू फेला पारेका थिए । एउटा टुक्रा अझै पुरानो थियो। यसको उमेर चार अर्ब २० करोड वर्ष थियो।

“यस क्षेत्रबाट नमूना प्राप्त गर्न साँच्चै महत्त्वपूर्ण छ किनकि यो त्यस्तो क्षेत्र हो, जसको बारेमा हामीसँग कुनै तथ्याङ्क छैन,” अनुसन्धानमा संलग्न भएका एरिजोना विश्वविद्यालयका ग्रहीय ज्वालामुखी विशेषज्ञ क्रिस्टोफर ह्यामिल्टनले भने ।

पृथ्वीबाट देखिने चन्द्रमाको नजीकको भागमा यस्तै समयावधिमा सक्रिय ज्वालामुखीहरू थिए भन्ने वैज्ञानिकहरूलाई थाहा छ ।

नासाको लुनार रेकोनेसेन्स अर्बिटरलगायतका पूर्वअध्ययनहरूले टाढाको भागमा पनि ज्वालामुखीय इतिहास हुन सक्ने सङ्केत गरेका थिए । पृथ्वीबाट टाढा रहेको त्यस क्षेत्रबाट लिइएका पहिलो नमूनाहरूले सक्रिय इतिहासको पुष्टि गर्छन् ।

यी नतीजाहरू शुक्रवार नेचर एन्ड साइन्स जर्नलमा प्रकाशित भएका थिए ।

चीनले चन्द्रमामा धेरै अन्तरिक्ष यान प्रक्षेपण गरेको छ। सन् २०२० मा चाङ्ई–५ अन्तरिक्ष यानले नजीकको भागबाट चन्द्रमाका चट्टानहरू फिर्ता ल्याएको थियो। यो नासाका अपोलो अन्तरिक्षयात्री र सोभियत सङ्घका अन्तरिक्षयानले सन् १९७० को दशकमा सङ्कलन गरेपछिको पहिलो थियो । चाङ्ई–४ अन्तरिक्षयान सन् २०१९ मा चन्द्रमाको टाढाको भागमा पुग्ने पहिलो यान बनेको थियो ।

चन्द्रमाको टाढाको भाग क्रेटरहरूले भरिएको छ र नजीकैको समतल, अँध्यारा मैदानहरू लावा प्रवाहद्वारा कुँदिएका छन् । अध्ययनका सहलेखक चिनियाँ एकेडेमी अफ साइन्सेसका क्यु–ली लीका अनुसार यी दुई भाग किन यति फरक छन् भन्ने कुरा अझै रहस्य नै छ ।

लीका अनुसार नयाँ खोजहरूले चन्द्रमाको टाढाको भागमा एक अर्ब वर्षभन्दा बढी समयसम्म भएका ज्वालामुखी विस्फोटहरूको जानकारी दिन्छन् । भविष्यको अनुसन्धानले यो गतिविधि कसरी यति लामो समयसम्म टिक्यो भन्ने कुरा निर्धारण गर्नेछ । रासस

# श्रीलङ्कामा वाम गठबन्धनको शानदार जीत

कोलम्बो, ३० कात्तिक/एएफपी

श्रीलङ्काका राष्ट्रपति अनुरा कुमारा दिसानायकेको वाम गठबन्धनले मध्यावधि विधानसभा चुनावमा शानदार जीत हासिल गरेको छ ।

मार्क्सवादी दिसानायकेले भ्रष्टाचारविरुद्ध लड्ने र चोरी भएको सम्पत्ति फिर्ता ल्याउने वाचाका साथ सेप्टेम्बरमा भएको राष्ट्रपतीय चुनावमा विजय हासिल गरेका थिए ।

तत्काल चुनाव गराउने र आफ्नो एजेन्डाका लागि संसदीय समर्थन सुरक्षित गर्ने उनको निर्णयलाई समर्थन मिलेको छ। दिसानायकेको नेशनल पिपुल्स पावर (एनपिपी) गठबन्धनले २२५ सदस्यीय विधानसभामा कम्तीमा १२३ सिट जितिसकेको छ भने मतगणना भइरहेका अन्य केही स्थानमा पनि अग्रता कायम राखेको छ ।

समाचार तयार पार्दासम्म गणना भएका तीन चौथाइभन्दा बढी मतमध्ये गठबन्धनले ६२ प्रतिशत मत प्राप्त गरेको छ भने विपक्षी नेता सजिथ प्रेमदासाको पार्टी १८ प्रतिशत मतका साथ निकै पछि परेको छ ।

“जनताले भ्रष्टाचार र भ्रष्ट प्रणालीबाट छुटकारा पाउनका लागि मतदान गरेको छ,” चुनावमा एनपिपीलाई समर्थन गर्ने सूचना प्रविधिका व्यवसायी चानाका राजपाक्षले शुक्रवार एएफपीलाई बताए ।

अल्पसङ्ख्यक तमिल समुदायको बाहुल्य रहेको उत्तरी जिल्ला जाफनामा उनको पार्टीले सबैभन्दा बढी मत प्राप्त गरेको छ ।

एक मजदूर परिवारमा जन्मिएका ५५ वर्षीय राष्ट्रपति दिसानायकेले बिहीवारको चुनावमा मतदान गरेपछि संसद्मा सशक्त बहुमतसाथ आफ्नो गठबन्धनलाई अगाडि बढाउने अपेक्षा गरेको बताएका थिए ।

उनले भने, “हामीलाई विश्वास छ, यो एक महत्त्वपूर्ण चुनाव हो, जसले श्रीलङ्कामा एउटा परिवर्तनको सङ्केत गर्नेछ। यो चुनावमा एनपिपीले संसद्मा बलियो बहुमतका लागि जनादेश पाउने हाम्रो विश्वास छ।”

प्रहरीका अनुसार हालका वर्षहरूमा अधिकांश मतदानको विपरीत नौ घण्टाको मतदान अवधि कुनै हिंसात्मक घटनाविना बितेको छ । तर ड्युटीमा रहेका बेला एक प्रहरी हवल्दारसहित तीनजना निर्वाचन कार्यकर्ताको रोगका कारण मृत्यु भएको थियो ।

श्रीलङ्कामा गत सेप्टेम्बरमा भएको राष्ट्रपतीय निर्वाचनमा भन्दा कम ७० प्रतिशतको हाराहारीमा खसेको सञ्चारमाध्यमले जनाएका छन् ।

करीब २५ वर्षदेखि सांसद रहँदै आएका वर्तमान राष्ट्रपति दिसानायकेले केही समयका लागि कृषिमन्त्रीको रूपमा समेत काम गरेका थिए। उनको एनपिपी गठबन्धनले निवर्तमान विधानसभामा जम्मा तीन सिट मात्र जितेको थियो।

देशलाई सन् २०२२ को आर्थिक सङ्कटतर्फ धकेलेको आरोप लागेका संस्थापन पक्षका राजनीतिज्ञहरूबाट आफूलाई सफलतापूर्वक अलग्गै राखेपछि उनी सेप्टेम्बरमा भएको राष्ट्रपतीय निर्वाचनबाट राष्ट्रपति पदका लागि निर्वाचित भएका थिए । रासस

# ‘किलर ह्वेल’को उद्धार

भ्लाडिभोस्तोक, ३० कात्तिक/सिन्ह्वा

रूसको कामचटका प्रायद्वीपको ओखोत्स्क सागरको तटमा फसेको एक किलर ह्वेललाई शुक्रवार उद्धार गरिएको छ ।

छालामा दरार र धेरै चोट लागेको ह्वेल बिहीवार डिहाइड्रेटेड अवस्थामा फेला परेको थियो । उद्धारकर्ताहरूले यसलाई ट्रकद्वारा नजीकैको नदीमा लगेर छोडेको स्थानीय प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै रूसी समाचार संस्था आरआइए नोभोस्तीले जनाएको छ ।

अक्टोबरमा बच्चासहित ह्वेल परिवारको रिहाइपछि हालैका हप्ताहरूमा यस क्षेत्रमा भएको यो दोस्रो किलर ह्वेल उद्धार अभियान हो ।

क्षेत्रीय विपत् व्यवस्थापन मन्त्री सर्गेई लेभेदेभले आपत्कालीन अवस्थामा उपलब्ध सहयोगका लागि स्वयंसेवक, उद्धारकर्ता र सोबोलेव्स्की जिल्लाका बासिन्दाहरूप्रति गहिरो कृतज्ञता व्यक्त गरेका छन् ।




# नेपालबाट बङ्गलादेश विद्युत् निर्यात शुरू

काठमाडौं, ३० कात्तिक/रासस

नेपालमा उत्पादित बिजुली भारतपछि शुक्रवारदेखि बङ्गलादेशतर्फ निर्यात शुरू भएको छ। क्षेत्रीय विद्युत् व्यापारमा यो अर्को ऐतिहासिक परिघटना हो ।

नेपालका ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री दीपक खड्का, भारतका विद्युत्मन्त्री मनोहरलाल खट्टर र बङ्गलादेशका विद्युत्, ऊर्जा तथा खनिज मन्त्रालयका सल्लाहकार मोहमद फोजुल कबीर खानले भर्चुअल प्रविधिमार्फत संयुक्तरूपमा स्वीच थिचेर विद्युत् निर्यातको शुभारम्भ गरे । नेपाल र भारतबीच मात्र विद्युत् व्यापार हुँदै आएकोमा अब नेपालको विद्युत् तेस्रो देशमा विस्तार भएको छ ।

नेपालमा उत्पादित विद्युत् भारतको प्रसारण संरचना हुँदै बङ्गलादेशसम्म पुगेको छ । नेपाल र भारतबीचको पहिलो अन्तरदेशीय ढल्केबर–मुजफ्फरपुर चार सय केभी प्रसारण लाइन हुँदै भारतको मुजफ्फरपुर सबस्टेशनमा विद्युत् पुग्नेछ। त्यसपछि मुजफ्फरपुर सबस्टेशनबाट भारतको प्रसारण लाइनमार्फत भारत–बङ्गलादेशबीचको बहरामपुर (भारत)–भेरमारा (बङ्गलादेश) चार सय केभी प्रसारण लाइनमार्फत बङ्गलादेश विद्युत् पुग्नेछ। नेपालबाट भारत हुँदै बङ्गलादेशतर्फ विद्युत् निर्यात आज मध्याह्न १२:३० बजेदेखि शुरू भएको हो। यस वर्ष (सन् २०२४)को वर्षायाममा विद्युत् निर्यात आज राति १२ बजेसम्म मात्र हुनेछ ।

त्यसपछि आगामी वर्ष सन् २०२५ को जून १५ देखि बङ्गलादेशतर्फ पुनः विद्युत् निर्यात शुरू हुनेछ । भारतको विद्युत् मन्त्रालय अन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले त्रिशूली र चिलिमे जलविद्युत् आयोजनाबाट उत्पादित क्रमशः १८ दशमलव ६० र २१ दशमलव ४० गरी ४० मेगावाट विद्युत् बङ्गलादेशतर्फ निर्यातका लागि बिहीवार स्वीकृति दिएको थियो ।

केन्द्रीय विद्युत् प्राधिकरणले दुई आयोजनाबाट उत्पादित ४० मेगावाट विद्युत् सन् २०२९ अक्टोबर २ सम्म बङ्गलादेश निर्यात स्वीकृति दिएको हो । यी दुवै भारतमा विद्युत् निर्यातका लागि स्वीकृति पाइसकेका आयोजना हुन्। नेपाल विद्युत् प्राधिकरणले वर्षायामको छ महीना अर्थात् हरेक वर्षको जून १५ देखि नोभेम्बर १५ सम्म पाँच वर्षसम्म ४० मेगावाट विद्युत् अमेरिकी डलरमा बङ्गलादेशलाई बिक्री गर्नेछ ।

प्राधिकरणले बङ्गलादेश विद्युत् बिक्री गरी प्रतियुनिट ६.४० अमेरिकी सेन्ट (आजको विदेशी मुद्रा विनियम दर अनुसार आठ रुपैयाँ ६२ पैसा) पाउनेछ। नेपालले विद्युत् बिक्रीबाट पहिलोपटक डलरमा आम्दानी गर्न लागेको हो । भारतसँगको विद्युत् व्यापार भारतीय रुपैयाँमा हुँदै आएको छ ।

प्राधिकरणले आज ११ घण्टा ३० मिनेट बङ्गलादेशतर्फ विद्युत् निर्यात गरी २८ हजार १६० अमेरिकी डलर पाउनेछ। बङ्गलादेश निर्यात हुने विद्युत्को मूल्य प्राधिकरणले भारतको मुजफ्फरपुर बिन्दुमा पाउनेछ । ढल्केबरबाट मुजफ्फरपुरसम्मको प्रसारण लाइनको प्राविधिक चुहावट प्राधिकरणले बेहोर्नेछ।

मुजफ्फरपुर बिन्दुपछिको प्रसारण लाइन शुल्क, चुहावट, एनभिभिएन, भारतले लिने र ट्रेडिङ मार्जिनलगायत सम्पूर्ण कर तथा शुल्कहरू बङ्गलादेशले बेहोर्नेछ। नेपालबाट ४० मेगावाट विद्युत् भारतीय प्रसारण ग्रिड प्रयोग गरी बङ्गलादेश लैजानका लागि नेपाल विद्युत् प्राधिकरण, एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन, भारत र बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड (बिपिडिबी)बीच गत असोज १७ गते त्रिपक्षीय विद्युत् बिक्री सम्झौता भएको थियो ।

त्रिपक्षीय विद्युत् बिक्री सम्झौतापछि प्राधिकरणले गत २३ असोजमा बङ्गलादेश विद्युत् निर्यात स्वीकृतिका लागि आयोजनाको सूची भारतको केन्द्रीय विद्युत् प्राधिकरणमा पठाएको थियो । भारतको केन्द्रीय विद्युत् प्राधिकरणले बिहीवार स्वीकृति दिएपछि आजदेखि विद्युत् निर्यात शुरू गरिएको हो ।

कानूनमा भएको व्यवस्था बमोजिम बिपिडिबीले विसं २०८० पुस १६ मा नेपालबाट उत्पादित ४० मेगावाट विद्युत् बङ्गलादेश, भारत र नेपालका निकायहरूबीचको त्रिपक्षीय सम्झौता अनुसार हुनेगरी पाँच वर्षसम्म खरीदका लागि बोलपत्र आह्वान गरेको थियो ।

प्राधिकरणले विद्युत् बिक्रीका लागि तोकिएको ढाँचामा बिक्री गरिने विद्युत्को दरसहितको बोलपत्रसम्बन्धी कागजात पेश गरेको थियो। प्राधिकरणले पेश गरेको बोलपत्र स्वीकृत भएपछि त्रिपक्षीय विद्युत् बिक्री सम्झौताको प्रक्रिया अगाडि बढेको थियो ।

### वैश्विक ...

हुने र जसरी पनि जलवायु परिवर्तनका परिणामहरूको लेखाजोखा गर्ने र कसरी त्यसलाई न्यूनीकरण गर्नेबारेमा रणनीति तयार गर्ने भन्ने थियो ।

त्यसो त कोपका विभिन्न सम्मेलनले यस सम्बन्धमा केही प्रयास गरेकै हो । पहिलो कोप सम्मेलन सन् १९९५ मा जर्मनीको बर्लिनमा भएको थियो, जसमा विश्वका १९७ देशले भाग लिएका थिए र बढ्दो तापक्रमका बारेमा विहङ्गम छलफल गरेका थिए र कसरी त्यसको परिणामलाई कमभन्दा कम क्षतिमा परिणत गर्ने भन्ने थियो । त्यस्तै, तेस्रो सम्मेलन क्योटो (जापान)मा भएको थियो, जसले जलवायु परिवर्तनका कारण हरित गृह ग्याँस उत्सर्जन नै हो भनेर त्यसको उत्सर्जनमा सीमित राख्न बाध्य पार्ने खालको क्योटो अभिसन्धि पारित भएको थियो । कतिपय विकसित देशहरूले त्यसमा ओठे सम्मति जनाए पनि आफ्नोतर्फबाट प्रयास गरेनन् र त आजको यो भयावह अवस्था आउन थालेको हो। त्यस्तै, सन् २०१५ मा भएको पेरिस सम्मेलनको २१औं कोप सम्मेलनमा विश्वको तापक्रम धेरै बढ्न नदिने जसमा बढीमा १.५ डिग्रीसम्ममा सीमित गर्नुपर्ने नीति तयार गरियो । त्यही सम्मेलनमा अनावश्यकरूपमा हरित ग्याँसको दुष्प्रभावले परेको समस्या र त्यसको परिणाम न्यून गर्न धनी देशहरूले प्रभावित देशहरूलाई क्षतिपूर्तिस्वरूप सहयोग गर्ने भन्ने पनि प्रस्ताव पारित गरियो ।

तापक्रम वृद्धिका कारणले हामी मानव, पक्षी, वनजङ्गल, हिमाली क्षेत्र, अन्टार्कटिक क्षेत्र परेका छन् । पहाडी भेग, सामुद्रिक तट तथा वनजङ्गल मारमा परेका छन्, जसको पत्ता लगाउने त मानिसहरू नै हुन् । र हाम्रो साझा बासस्थान पृथ्वीलाई कसरी जोगाउने भन्ने अहम् प्रश्न उठेकै छ । कस्तो प्रभाव परेको छ भने जलवायुको परिवर्तनले सामुद्रिक तट पनि अछूतो रहेन । यसै कोप सम्मेलनमा राष्ट्रपति पौडेलले हाम्रै सार्क देश मालदिभ्सका राष्ट्रपति महम्मद मैजुनसँग भेटेर हिमाली, पहाडी भेग धेरै रहेको नेपाल र समुद्रमा तैरेर बसेको भाग मालदिभ्स अब डुब्नै लागेको भविष्यवाणीसँग कसरी प्राकृतिक अवस्थामा बाँच्ने भन्नेबारेमा छलफल गरेको देखिन्छ ।

जबजब गर्मी अनियन्त्रित तरीकाले बढ्न थालेको छ नै, त्यसले पृथ्वीको उत्तरी र दक्षिणी भागमा रहेका हिउँका ठूलाठूला ढिस्काहरू समुद्रमा पग्लेर जान थाले । यसले गर्दा समुद्रको पानीमा अनावश्यकरूपमा चीसोपन बढ्न थाल्यो र पानीको सतह बढेर तटीय क्षेत्रका बासिन्दा डुब्ने अवस्थामा छन् । पानी धेरै चीसो भएर त्यहाँ रहेका सामुद्रिक प्राणीहरू पनि वातावरणीय अनुकूलनमा दुष्प्रभावित भएका छन् र अनि सामान्य तरीकाले समुद्रको पानी वाष्पीकृत भएर मनसुनमा पर्ने पानीको समय फेरिन थालेको छ। उदाहरणका लागि नेपाल, पाकिस्तान, इन्डानेशियाजस्ता देशमा देखिन थालेको छ। कहिल्यै हिउँ नपर्ने साउदी अरबियामा यसपटक हिउँ मात्र परेन, ठूलो पानी परेको छ । त्यस्तै, नेपालका हिमतालहरू फुटेर जीवन अस्थिर बनेको छ, पानी मुसलधारे यसरी परेको छ कि कहिल्यै अनुभव नगरिएको बाढी भोग्नुपरेको छ र लाखौं मानिस प्रभावित भएका छन्। अचानक हिमपहिरो गएर खुम्बु क्षेत्रको थामेमा गाउँ नै बगायो झिलमिल घाम लागेकै दिन । यसले नदीतटीय क्षेत्रमा जीवन अन्योलपूर्ण भएको छ ।

अनावश्यकरूपमा पाएको दुष्परिणामको फल कहिलेसम्म भोगिरहने ? आफूले नगरेको पापको फल अनावश्यकरूपमा भोग्नुपर्ने देशहरूका लागि जलवायु परिवर्तनका लागि भोगेको अन्यायको कसरी क्षतिपूर्ति गर्ने ? आजको समस्या भनेको यही हो। सन् २०२३ मा दुबईमा भएको कोप सम्मेलनले हानि र नोक्सानी कोषको व्यवस्था गर्ने ऐतिहासिक निर्णय भएको थियो ।

विश्वमा जलवायु परिवर्तनका परिणामहरू देखिन थालेपछि यसबाट प्रभावित देशहरूका पक्षमा संयुक्त राष्ट्रसङ्घले ध्यान दिन थालेको छ। यो पृथ्वीमा जलवायु परिवर्तनका कारणले प्राकृतिक स्वरूपमा हुन थालेको परिवर्तनलाई ध्यान दिन थालेर नै कोप सम्मेलन गराउँछ र विश्वका हजारौं विज्ञ, भुक्तभोगी र रणनीतिकारहरूको भेला गराउँछ तर हरित ग्याँस उत्पादन गर्ने र ओजोन तह मर्मत गर्नका लागि खासै ठोस प्रयास भएको देखिंदैन। यसको दुष्परिणामबाट नेपाल जस्ता हिमाली क्षेत्र अनि तराई–मधेसजस्ता समथर भूमि भएका मुलुक जलवायु परिवर्तनका कारणले खडेरी, बेलामा पानी नपर्ने, अचानक मौसममा परिवर्तन आउने र जनधनको नोक्सान गर्ने कुरा खपेर बस्नुपरेको छ ।

नेपालले असंलग्न देशहरूको पनि नेतृत्व गर्छ, सार्कको र बिमिस्टेकको पनि नेतृत्व गर्छ र विश्वको सबैभन्दा ठूला हिमालयहरू र समथर भूमि अनि वनको ठूलो भाग लिएर बसेको छ । नेपालले कति पो कार्बन उत्सर्जन गर्छ होला र ? अनि हामीले अन्तर्राष्ट्रिय मञ्चमा उठाउनुपर्ने प्रश्न हुन्छन्– हाम्रो के दोष छ ? र हामी जलवायुको परिवर्तनको दुष्प्रभाव भोगेर कतिन्जेल बस्ने ? अनि भएको जनधनको क्षति र प्राकृतिकरूपमा देखिने अन्योलको क्षतिपूर्ति कसरी पाउने र कसले दिने ? यसपटक हाम्रो प्रतिनिधित्व राष्ट्रपति पौडेलको ध्यानाकर्षणले पक्कै कोपको हानि र नोक्सानी कोषमा रहेको कोषबाट आर्थिक सहयोग पाउने देशको रूपमा नेपाल प्राथमिकतामा पर्नेछ भन्ने अपेक्षा गर्न सकिन्छ ।

आखिर हाम्रो बोली अरण्य रोदन हुँदोरहेछ किनभने हरित ग्याँस उत्सर्जन गर्ने देशहरू त विश्वमा तापक्रम वृद्धिले भएको जलवायु परिवर्तनले उनीहरूको औद्योगिक उत्पादनमा कुनै फरक परेको छैन । युद्धमा पड्कने बम, लक्षित बारुदजन्य पदार्थहरूले जलवायुमा मात्र असन्तुलन आएको होइन कि वैश्विक हिंसात्मक युद्धमा समेत बढावा दिएका छन् । त्यसैले हामीले कोपको विपद् कोषको परिचालन, सहयोग र त्यसको सही प्रयोगको रणनीति विश्वासयोग्य बनाउनु जरुरी छ । नेपाल आफ्ना एजेन्डामा स्थिर हुनु जरुरी छ र राजनीतिक नेतृत्वमा जो भएपनि यो तापक्रम वृद्धिको अनुकूलनलाई कसरी हाम्रोतर्फबाट पनि कम गर्न सकिन्छ, त्यसबारेमा पनि अनुसन्धान जरुरी छ । (लेखक राजनीतिक विश्लेषक हुन्। रासस)

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – कर्मप्राप्ति | कन्या – प्रगति |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – कडापरिश्रम | मकर – ज्ञानोदय |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# सरुवा भएका कर्मचारीलाई सात दिनभित्र हाजिर हुन निर्देशन

## कर्मचारीले किरिया, बिरामी र प्रसूतिबाहेक बिदा नपाउने

प्रस, वीरगंज, ३० कात्तिक/

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विभिन्न कार्यालयमा सरुवा, पदस्थापना र काज फिर्ता गरिएका कर्मचारीहरूलाई सात दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर गर्न निर्देशन जारी गरेको छ।




सरुवा, पदस्थापना र काज फिर्ताबारे मन्त्रालयले गरेको निर्णयको अवज्ञा गरी सम्बन्धित कार्यालयमा हाजिर नगर्ने कर्मचारी र रमाना नदिने कार्यालयहरूलाई परिपत्र गर्दै मन्त्रालयले यस्तो निर्देशन जारी गरेको हो। मन्त्रालयले सरुवा भएका कर्मचारीलाई हाजिर गराउने र उनीहरूको रमाना व्यवस्थापन गर्न सबै मन्त्रालय, आयोग, सचिवालय, प्रदेश र स्थानीय तहलाई निर्देशन जारी गर्दै निर्देशन अवज्ञा गरेमा विभागीय कारबाहीको चेतावनी दिएको छ।

रमाना नदिएका/नलिएका कारण सार्वजनिक सेवाप्रवाहमा प्रत्यक्ष असर परेको तथा कर्मचारी व्यवस्थापनसमेत प्रभावित भएकाले सम्बन्धित कर्मचारीहरूलाई निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम निर्देशन दिइएको मन्त्रालयले जनाएको छ।

नेपाल सरकार (मन्त्रिपरिषद्), मन्त्रालय, आयोग, सचिवालय तथा कार्यालयहरूबाट विभिन्न मितिमा निजामती सेवा ऐन, २०४९ को दफा १५ (१) बमोजिम पदस्थापना गरिएका, दफा १८ (१) बमोजिम सरुवा गरिएका, दफा १८ क (१) बमोजिम काज खटाइएका तथा काज फिर्ता गरिएका, कर्मचारी समायोजन ऐन, २०७५ को दफा ९ (९) र दफा ११ (२) बमोजिम कामकाज गर्न खटाइएका तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४-४ बमोजिम स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको रूपमा कामकाज गर्न खटाइएका सङ्घीय निजामती कर्मचारीहरू प्रचलित कानून अनुसार सरुवा, पदस्थापना, काजमा खटाइएका तथा काज फिर्ता गरिएका निकाय/कार्यालयमा रमाना भई जानुपर्नेमा हालसम्म पनि रमाना नदिएका/नलिएका कारण सार्वजनिक सेवाप्रवाहमा प्रत्यक्ष असर परेको तथा कर्मचारी व्यवस्थापनसमेत प्रभावित भएको हुँदा कर्मचारीहरूलाई निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम रमाना दिई पठाउने मन्त्रालयको कात्तिक २८ गतेको सचिवस्तर निर्णय अनुसार जानकारी गराएको परिपत्रमा उल्लेख छ।

परिपत्रमा हालसम्म सरुवा, पदस्थापन, कामकाज/काजमा खटाइएका र काज फिर्ता गरिएका कर्मचारीहरूलाई निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम रमाना दिई ७ (सात) दिनभित्र सोको जानकारी यस मन्त्रालयलाई गराउने, सरुवा, पदस्थापन, कामकाज, काजमा खटाइएका र काज फिर्ता गरिएका कर्मचारीहरूको सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम रमाना लिने अवधि गुज्रिएपश्चात् साबिकका निकाय, कार्यालयमा निजहरूको किरिया बिदा, बिरामी बिदा र प्रसूति बिदाबाहेक अन्य बिदा स्वीकृत नगर्ने/नगराउने, निजामती सेवा नियमावली, २०५० को नियम ४० बमोजिम रमाना भई नजाने कर्मचारीहरूलाई उपलब्ध गराउने सेवा, सुविधा र पारिश्रमिक सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखबाट असुलउपर गर्नका लागि सम्बन्धित निकायलाई अनुरोधसहित पत्राचार गर्ने र निर्णय कार्यान्वयन नगर्ने/नगराउने विभागीय प्रमुख, कार्यालय प्रमुख र सम्बन्धित कर्मचारीलाई निजामती सेवा ऐन, २०४९ को दफा ६० बमोजिम विभागीय सजायसम्बन्धी कारबाही अघि बढाउने उल्लेख गरिएको छ।

**National Healthcare** **!!OPPORTUNITY!!**

**National Healthcare Pvt. Ltd.,** one of the leading Pharmaceutical Company in Nepal, invites applications from qualified candidates for the following position:-

Job Location: Chhatapipra,Bara, Nepal

**Purchase Executive :**

- **BBA/BBS /MBA/MBS(Completed or Pursuing)**
- **Activities related to Purchase**

Job Location : Shreepur, Birgunj,Nepal

No. of Vacancy : 1

Interested & eligible candidates are requested to forward their updated resume & cover letter to hrdnhc@gmail.com by 20th November,2024.

*No telephonic calls shall be entertained; Only Short listed candidates will be called for an interview.*

Make your stay with us is a

*memorable experience*



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA

Exhilarating Hospitality

Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## २५ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ३० कात्तिक/

खैरातीमाई मेला फेटा गाउँपालिका-१ त्रिवेणी बारामा शुक्रवार साहस नेपाल फेटा बारा एवं गढीमाई साझेदारी वन व्यवस्थापन समिति पथलैयाको सहयोगमा आयोजित रक्तदान कार्यक्रममा एकजना महिलासहित २५ जनाले रक्तदान गरेका छन्।

गढीमाई साझेदारी वन व्यवस्थापन समिति पथलैया बाराका अध्यक्ष रामएकबाल साह तेलीको अध्यक्षतामा भएको कार्यक्रमको बाराका डिभिजनल वन अधिकृत राजीवकुमार झाले उद्घाटन गरेका थिए। कार्यक्रममा रविना साह, तपसी महतो, दीपक सर्राफ, सुरेशप्रसाद यादव, अर्नुक भुजेल, अम्बिका ठाकुर हजाम, नरेश दास, प्रेमकुमार साह, रामएकबालप्रसाद साह, बैजु पटेल, जगतनारायण महतोलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए।

कार्यक्रममा वन अधिकृत तथा गढीमाई साझेदारी वन व्यवस्थापन समितिका सहसचिव ललनराउत कुर्मी, वडाध्यक्ष बिगन दास, लालबाबू मुखिया, साहस नेपाल फेटा बाराका अध्यक्ष राजेशप्रसाद कुशवाहा, नेरेसो रेशमकोठी उपशाखाका युवा संयोजक अभिलाष गुप्तालगायतको सहभागिता थियो।

**उपभोक्ता ...**

निर्माण गर्न आदेश भइसकेको अवस्थामा महानगरले चार वर्ष पहल नगरेका दुःखेसो पोखे। उनले अब महानगरविरुद्ध अदालतको अपहेलना मुद्दा गर्ने जानकारी गराए।

संस्थाका अध्यक्ष ज्योति बानियाँको अध्यक्षतामा भएको कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवाल, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय पर्साका प्रमुख सुनील चौरसिया, स्वास्थ्य कार्यालय पर्साका प्रमुख डा मुक्तिनारायण साह, गुणस्तर तथा नापतौल कार्यालय पर्साका प्रमुख रामप्रसाद लम्साल, खुद्रा किराना व्यवसायी सङ्घ पर्साका अध्यक्ष शङ्कर कुशवाहा, मञ्चका पर्सा अध्यक्ष सुनील श्रेष्ठलगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## जीराभवानीमा दुई दिने छात्र-छात्रा फूटबल प्रतियोगिता

प्रस, पोखरिया, ३० कात्तिक/

जीराभवानी गाउँपालिका-२ सेढवामा शुक्रवारदेखि दुई दिने सर्वोदय कप-२०८१ शुरू भएको छ। टिच फर नेपालको सहयोग र मावि सेढवाको व्यवस्थापनमा शुक्रवारदेखि शुरू भएको छात्र तथा छात्रा फूटबल प्रतियोगिताको गापाध्यक्ष अनोज



चौधरीले उद्घाटन गरेका थिए।

प्रतियोगितामा जीराभवानी गापाको सेढवा मावि, ठोरी गापाको ज्ञानवाटिका मावि, सुवर्णपुर र विजयबस्ती मावि, पटेर्वासुगौली गापाको निचुटा मावि र सखुवाप्रसौनी गापाको दीपनारायण मावि तथा औराहा पंचगावाँका पाँचवटा विद्यालयका छात्र र छात्रा प्रतियोगितामा सहभागी छन्। आज भएको छात्रतर्फको पहिलो खेलमा सेढवा माविले ज्ञानवाटिका मावि सुर्वणपुरलाई एकका विरुद्ध दुई गोल गरी विजयी भयो।

यसैगरी, छात्रातर्फको पहिलो खेलमा निचुटा मावि र ज्ञानवाटिका मावि सुवर्णपुर बराबरीमा खेलेका थिए। छात्रातर्फको दोस्रो खेलमा सेढवा माविले विजयबस्ती माविलाई शून्यका विरुद्ध दुई गोलले पराजित गऱ्यो। प्रतियोगिता भोलिसम्म सञ्चालन हुने सेढवा माविका प्रधानाध्यापक खेमराज महतोले बताए।

## यू-१९ महिला क्रिकेट टोलीलाई एनपिएलका टोलीले १० लाख दिने

काठमाडौं, ३० कात्तिक/रासस

नेपाल प्रिमियर लिग (एनपिएल)मा सहभागी टोलीहरूले आइसिसी यू-१९ महिला टी-२० विश्वकपमा छनोट भएको नेपाली यू-१९ महिला क्रिकेट टोलीलाई पुरस्कार दिने घोषणा गरेका छन्।

शुक्रवार संयुक्तरूपमा एनपिएलमा आबद्ध टोलीहरूले नेपाली यू-१९ महिला क्रिकेट टोलीलाई रु १० लाख दिने घोषणा गरेका हुन्। युनाइटेड अरब इमिरेट्स (युएई)मा भएको आइसिसी यू-१९ महिला टी-२० विश्वकपको एशिया छनोटको अन्तिम खेलमा युएईलाई आठ विकेटले हराउँदै नेपाल विश्वकपमा छनोट भएको थियो।

नेपाली यू-१९ महिला क्रिकेट टोली बिहीवार साँझ स्वदेश फर्किसकेको छ। यस अघि नेपाल क्रिकेट सङ्घ (क्यान)ले नेपाली टोलीका खेलाडीलाई प्रोत्साहनस्वरूप जनही रु दुई लाख ५० हजार पुरस्कार दिने घोषणा गरेको थियो।

यू-१९ महिला विश्वकप क्रिकेट सन् २०२५ मा मलेशियामा आयोजना हुँदैछ। त्यस अघि नेपालले यू-१९ एशिया कप खेल्नेछ। आगामी मङ्सिर ३० गतेदेखि मलेशियामा हुने एसिसी यू-१९ महिला एशिया कपमा नेपालसहित छ टोलीको सहभागिता रहनेछ।

एशियाली क्रिकेट परिषद् (एसिसी) अनुसार समूह 'ए'मा नेपालसहित भारत र पाकिस्तान छन् भने समूह 'बी'मा बङ्गलादेश, श्रीलङ्का र मलेशिया छन्। नेपालले पुस १ गते पाकिस्तानसँग र पुस २ गते भारतसँग प्रतिस्पर्धा गर्नेछ।

## १३ जोडीको दाइजोमुक्त सामूहिक विवाह र रक्तदान सम्पन्न



प्रस, वीरगंज, ३० कात्तिक/

समाजलाई दाइजोमुक्त बनाउने अभियान अन्तर्गत मधेस प्रदेशमा १३ नवजोडीको दाइजोरहित सामूहिक विवाह गराइएको छ। धनुषा जिल्लाको मिथिला नपा-२ बेलाचापीस्थित सतलोक आश्रममा ५११औं दिव्य धर्म यज्ञ दिवसको अवसर मा यही कात्तिक २९ देखि मङ्सिर १ गतेसम्मका लागि आयोजित तीन दिवसीय अखण्ड पाठ तथा विशाल भण्डारा कार्यक्रमको आज दोस्रो दिन शुक्रवार समाज सुधारका विविध कार्यक्रमहरू सम्पन्न गरिएको थियो।

यस विवाहमा कुनै प्रकारको सरसामान तथा नगद लेनदेन नभएको र कुनै पक्षको एक रुपैयाँ पनि खर्च भएको छैन। आज मानवसेवाको भावना दर्शाउँदै सन्त रामपालजीका अनुयायीहरूले नेपाल रेडक्रस सोसाइटीलाई १६५ युनिट रक्तदान पनि गरेका छन्।

कार्यक्रममा नेपाल प्रहरी मधेस प्रदेशका डिआइजीलगायत सुरक्षा निकायका उच्च अधिकारीहरू, विभिन्न नपाका प्रमुखहरूलगायत गणमान्य व्यक्तित्वहरूको सहभागिता थियो।

विशाल भण्डारामा शुद्ध घ्यूमा बनेका मिठाइ प्रसादका साथै सात्त्विक भोजनको व्यवस्था गरिएको थियो।

जुनसुकै धर्मावलम्बीका व्यक्ति कार्यक्रममा सहभागी भएर प्रसाद ग्रहण गर्न सक्ने र जति धेरै सङ्ख्यामा श्रद्धालु आए पनि सबैलाई निशुल्क भोजन गराइने आयोजकले जनाएको छ।

**बिपिएस ...**

कलेजका शैक्षिक निर्देशक दीपक पटेलको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रतीक दैनिकका प्रधानसम्पादक जगदीशप्रसाद शर्मा, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रगवाल, कलेजका मानव संशाधन निर्देशक सन्दीप कुशवाहा, प्रधानाध्यपक प्रभात मेहतालगायतको सहभागिता थियो। कार्यक्रममा तेक्वान्दो खेलका प्रशिक्षकले आत्मरक्षा तालीम र साङ्केतिक प्रस्तुति दिएका थिए।

### मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले,

- शरीरका विभिन्न अङ्गमा क्षति पुऱ्याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउँछ।

**त्यसैले मधुमेहबाट बच्न,**

- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य (ग्लुकोज) परिकार कम खाऔं,
- पेय पदार्थ, जङ्क फूड तथा तारेका, भुटेका पदार्थहरू नखाऔं,
- धूमपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरू नखाऔं,
- तनाव व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १ | नारायणी स्पोर्ट्स क्लब | सम्मान | क्लबको भवन | ८:०० |